


नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय




नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
सीतापाइला, काठमाडौं

# आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

Tel: 01-5671717, Email: nagarjun.napa@gmail.com, Web: nagarjunmun.gov.np

११औं नगर सभा मितिः २०८२ असार १० गते

# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सीतापाइला, काठमाडौं

# नागार्जुन नगरपालिकाको ११औं नगर सभाको बैठकमा प्रस्तुत
# आ.व. २०८२/०८३ नीति, कार्यक्रम तथा बजेट

*प्रस्तुत मितिः २०८२/०३/१०*

**(नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०३/०८)**

# नागार्जुन नगरपालिका, काठमाडौंको नीति तथा कार्यक्रम
# आ.व. २०८२/०८३

**<u>नगरसभा सदस्यज्यूहरु:</u>**

सर्वप्रथम म यस नागार्जुन नगरपालिकाको ११ औं नगर सभाको उद्‌घाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, नगर सभा सदस्यहरुज्यूहरु एवं उपस्थित सबैमा हार्दिक अभिवादन सहित स्वागत गर्न चाहान्छु। समृद्ध नागार्जुन नगरपालिका निर्माणका लागि आधार तयार गर्न तय गरिएको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने आजको यस पुनित अवसरमा राष्ट्रको राजनीतिक र सामाजिक आन्दोलनमा आफ्नो जीवन आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै जनआन्दोलन तथा अन्य परिवर्तनको अभियानका क्रममा घाइते, अपाङ्ग तथा बेपत्ता भएका नागरिकहरु प्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

देशकै सङ्घीय राजधानी काठमाडौं जिल्लामा अवस्थित यो नगरपालिका स्थापना भएको छोटो अवधिमा नगरले तय गरेको **"समृद्ध नागार्जुनको आधारः सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार"** को दीर्घकालीन लक्ष्य हासिल गर्न समृद्ध नागार्जुन सबैको साझा दायित्व भन्ने जिम्मेवारी भावका साथ आज हामी व्यापक छलफल र विश्लेषण पश्चात यो क्षणमा उपस्थित भएका छौं। नागरिकका समस्या, आवश्यकता तथा अपेक्षा असीमित छन्, सीमित श्रोतका बावजुद ती आवश्यकतालाई क्रमिक रुपमा न्यायोचित सम्बोधन गर्नु नगरपालिकाको दायित्व हो। नगरपालिकाले नीति तथा कार्यक्रम एवम् बजेट तयार गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धतिको अबलम्वन गरेको छ। यस क्रममा टोल, वस्ती हुँदै वडा समितिको, विभिन्न चरणमा विषयगत समितिको बैठक तथा विज्ञ सँगको छलफल, प्रदेश सभा सदस्य एवम् सङ्घीय सभा सदस्यहरुसँग विभिन्न समयमा गरेको राय परामर्श छलफलबाट प्रतिनिधिमूलक रुपमा नगरवासीहरुको मत सम्बोधन गर्ने प्रयास गरेका छौं। साथै यस पटक सम्बोधन गर्न नसकिएका विषयहरूलाई समेत आगामी दिनमा क्रमशः सम्बोधन गर्दै जाने व्यहोरा समेत यहाँहरू सम्पूर्णलाई अवगत गराउन चाहान्छु।

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था रहेको छ। यस अवसरमा नागार्जुन नगरपालिकाको ११ औं नगर सभामा आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

सर्वप्रथम म चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

सभाध्यक्ष महोदय,

गत नगरसभाबाट चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट रु. २ अर्ब ५२ करोड ५० लाख मध्ये समिक्षा अवधिसम्म रु. ९२ करोड ८९ लाख ६३ हजार ५ सय १४ खर्च भई लक्ष्यको तुलनामा (३६.७९ प्रतिशत) प्रगति हासिल भएको छ। जसमध्ये चालु तर्फ विनियोजित रकम रु. ९३ करोड ४ लाख ५७ हजार १५७ मध्ये रु ५६ करोड १२ लाख ९९ हजार ८ सय ११ (६०.३३ प्रतिशत) र पुँजीगत तर्फ विनियोजित रकम रु. १ अर्ब ५९ करोड ४५ लाख ४२ हजार ८४३ मध्ये रु. ३६ करोड ७६ लाख ६३ हजार ७ सय ३ (२३.०६ प्रतिशत) खर्च भएको व्यहोरा यस सभामा पेश गर्दछु। तथापी प्रतिस्पर्धात्मक विद्युतीय बोलपत्र प्रणालीबाट ठेक्का व्यवस्थापन भई संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरित योजनाहरुको समयमै कार्यान्वयन गर्न सक्दा ९० प्रतिशत र आन्तरिक तर्फ ६० प्रतिशत भौतिक प्रगति हासिल गर्न सकिएको छ।

चालु आ.व. का लागि सङ्घीय सरकार तर्फ प्रस्तावित रकम रु. ३४ करोड ३३ लाख ५३ हजार मध्ये हालसम्म रु. २३ करोड १ लाख ८६ हजार ५ सय ९५ खर्च भएको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त भएको अनुदान रकम रु. ७ करोड ३८ लाख ५४ हजार मध्ये हालसम्म रु. १ करोड ४८ लाख ५० हजार खर्च भएको छ। यस आ.व. मा मालपोत रजिष्ट्रेशन दस्तुर वापत रु. ८७ करोड ५८ लाख १४ हजार ७५० प्राप्त हुने अनुमान गरिएकोमा यस अवधिसम्म जम्मा रु. २३ करोड ७९ लाख ३ हजार मात्र प्राप्त भएको र आन्तरिक आम्दानी तर्फ प्रस्तावित रु. ५५ करोड ७० लाख मध्ये

हालसम्म रु. २२ करोड ८० लाख ७६ हजार प्राप्त भई दुवै स्रोतको जम्मा रु. ४६ करोड ५९ लाख ७९ हजार मात्र राजश्व प्राप्त भएकाले चालु आर्थिक वर्षमा प्रस्तावित सबै कार्यक्रमहरु लक्ष्य अनुरुप सम्पन्न हुन सकेनन्।

संघ र प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा हुँदै आएको कटौती, घरजग्गा कारोबारमा आएको शिथिलताका कारण मालपोत रजिष्ट्रेशन दस्तुर प्राप्तिमा परेको प्रभाव र नक्सा पास लगायतका अन्य क्रियाकलापमा आएको न्यूनताका कारण आन्तरिक आम्दानी लक्ष्य अनुरुप प्राप्त हुन नसक्दा नगरपालिकाको वित्तीय स्वास्थ्यमा चुनौती खडा भई तोकिएका योजना तथा कार्यक्रमहरु समयमा सम्झौता हुन नसकी पुँजीगत खर्च तर्फ आशातित प्रगति हासिल हुन नसकेको व्यहोरा समेत यस सम्मानित उपस्थितिमा अनुरोध गर्दछु।

१. नागार्जुन नगरपालिका क्षेत्रभित्रका १९ वटा सामुदायिक विद्यालयमा ५,४३७ जना तथा संस्थागत विद्यालयमा २२,१५४ जना विद्यार्थीहरु अध्ययनरत मध्ये सामुदायिक विद्यालय तर्फ १,८२२ जना तथा संस्थागत विद्यालय तर्फ १४०० जनालाई छात्रवृत्ति उपलव्ध गराइएको छ।संविधानले व्यवस्था गरेको निःशुल्क शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको लागि नागार्जुन नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा निःशुल्क शिक्षा प्रदान गर्नको लागि शिक्षण सहयोग अनुदान स्वरुप सूचकको आधारमा रु. ३ करोड २० लाख रकम उपलव्ध गराइएको छ। बेरोजगार युवाहरुलाई लक्षित गरी रोजगारसँग सीपलाई आवद्ध गराउनको लागि १० महिने (१६९६ घण्टे) पेशागत तह दुईको कम्प्युटर हार्डवयर २० जना तथा कुक तालिम ४० जनालाई उपलव्ध गराइएको छ।१२ वटा सामुदायिक माध्यमिक विद्यालयहरुका कक्षा ९ र १० अध्ययनरत विद्यार्थीहरुलाई वृत्तिमार्ग निर्देशन तालिम उपलव्ध गराइएको छ। ४ वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका सबै बालबालिकाहरु विद्यालय बाहिर नरहेको सुनिश्चित गरिएको छ ।

२. यसै आ.व.बाट नगरपालिकामा नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याईएको छ।स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति अनुरुप चालु आ.व. मा २००४ घरपरिवारका ९४१३ सदस्यहरुलाई निःशुल्क बीमा सेवा पुऱ्याइएको छ। नगर एम्बुलेन्स र शववाहनबाट निःशुल्क सेवा प्रदान भइरहेको, कडा तथा दीर्घ रोग जस्तै क्यान्सर, मुटु तथा मृगौला रोगी, मानवअङ्ग प्रत्यारोपण गरेका १२३ जना बिरामीहरुलाई मापदण्डको आधारमा प्रति महिना ५ हजारका दरले आर्थिक सहायता उपलव्ध गराइएको छ।

३. नागार्जुन नगरपालिका वडा नं. १ देखि १० सम्मका स्थानीय अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला लक्षित घरदैलोमा प्रेसर, सुगर जाँच तथा परामर्श सेवा एवम् साधारण निःशुल्क औषधि वितरण, विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा आँखा, दन्त, मुटु परीक्षण, आयुर्वेदिक स्वास्थ्य शिविरहरू समेत सम्पन्न भएका छन्। १० वटै वडामा घरधुरी सर्वेक्षण गरी खोज र खोप अभियान अन्तर्गत ५ वर्ष मुनीका ५ हजार ८९ जना बालबालिकाहरुको खोपको विवरण संकलन गरी खोप लगाउन छुट भएका बालबालिकाहरुलाई समेत खोप लगाइ पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ।

४. गर्भवती महिलाहरुमा हुन सक्ने सम्भावित जटिलता समयमा नै पत्ता लगाइ मातृ तथा नवजात शिशुको मृत्यु दर घटाउनको लागि सबै स्वास्थ्य संस्थाहरुमा निःशुल्क अल्ट्रासाउण्ड सेवा मार्फत हालसम्म ६४३ जना गर्भवती महिलाहरुलाई अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ। प्रत्येक वडा स्थित स्वास्थ्य संस्थाहरुमा वितरण गर्न तोकिएका ९८ प्रकारका सबै औषधि तथा औषधिजन्य सामाग्रीहरु र जनस्वास्थ्य लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको छ।

५. नेपाल सरकारको वि.सं २०८७ सम्म सबै स्थानीय तहहरुलाई बालमैत्री स्थानीय तह घोषणा गर्ने नीति अनुरुप नागार्जुन नगरपालिकालाई २०८२ माघ १ गतेसम्म बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रमको प्रबन्ध मिलाइएको छ।साथै महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरूका लागि सहायता सामग्रीहरू वितरण, अपांगता भएका व्यक्ति तथा परिवारका लागि सीप विकास तालिम, दोभाषे सेवा लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन्।यस अवधिमा अपाङ्गता परिचयपत्र १९ जना, जेष्ठ नागरिक परिचयपत्र ३६९ जनालाई वितरण गरिएको छ।बौद्धिक अपाङ्गता तथा अजिटम भएका बालबालिकाका परिवारलाई नगरपालिकाको आन्तरिक स्रोतबाट स्याहार खर्च वापत प्रति परिवार वार्षिक रु. २४ हजारका दरले ३३ परिवारलाई रु. ७ लाख ९२ हजार प्रदान गरिएको छ।

सभाध्यक्ष महोदय,

६. स्थानीय स्तरमा लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरण तथा प्रोत्साहनका लागि व्यापार मेला आयोजना गरी बिक्री वितरणको व्यवस्था मिलाईएको, लघु उद्यमीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रकारका सीप विकास तालिम प्रदान गरी उद्यमीहरूलाई सीपसँग सम्बन्धित प्रविधि हस्तान्तरण गरी स्वरोजगारका लागि प्रोत्साहन गरिएको छ।

७. नागार्जुन नगरपालिका क्षेत्रभित्र व्यवसायिक कृषि प्रवर्द्धनका लागि ९० प्रतिशत अनुदानमा २१ जनालाई मिनि टिलर वितरण, कृषकहरूलाई व्यवसाय विस्तार अनुदान, विभिन्न किसिमका बिउविजन, किटनासक औषधी, कम्पोष्ट बिन, सिँचाई पाईप लगायत मौसम अनुसारका फलफूलका बिरूवाहरू समेत अनुदानमा वितरण गरिएको छ।हालसम्म यस नगर क्षेत्रका २६६८ जना किसानलाई किसान सूचीकरण गरी परिचयपत्र प्रदान गर्ने क्रममा रहेको छ।

८. नगरपालिका क्षेत्र भित्र पशुपालनलाई प्रोत्साहन गर्न घाँसको बिउ, ११६८ वटा पशुहरु (गाई, भैसी, बाख्रा) मा कृतिम गर्भाधान मिसन कार्यक्रम, विभिन्न संक्रामक रोग विरूद्धको भ्याक्सिन अभियान, ७३० भन्दा बढी सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण तथा भ्याक्सिनेशन, ३००० भन्दा बढी पशुचौपायालाई लम्पी स्किन, खोरेत, भ्यागुते/चरचरे लगायतका विभिन्न रोग विरुद्धको भ्याक्सिनेसन कार्यक्रम सम्पन्न भएको छ। त्यस्तै प्रदेश सरकारको सशर्त अनुदानबाट १६ जना किसानलाई उन्नत गाई/भैंसी तथा २ जना किसानलाई बंगुर प्रवर्द्धनका लागि अनुदान उपलब्ध गराइएको छ।

९. नगरपालिका क्षेत्रभित्र सडक तथा यातायात सम्बन्धी नीतिलाई दीर्घकालीन हुने गरी निर्माणका लागि नगर यातायात गुरू योजनाको मस्यौदा तर्जुमा भई स्वीकृतिको चरणमा रहेको छ। बाफल - महांकाल सडक निर्माण सम्पन्न, थापाचोक - आदेश्वर - डाँडागाउँ — इचंगुनारायण सडक स्तरोन्नती निरन्तरता, वडा नं २,३ स्थित लसुनपुरे बाटो सम्पन्न, हलचोक आकाश भैरव रातमाटे बाटो निर्माण सम्पन्न हुने चरणमा रहेको, आनन्द आवास मुख्य बाटो पिच, वडा नं ५ र ६ लाई जोड्ने संकटा - भैरवथान सडकमा कल्भर्ट निर्माण सम्पन्न, वडा नं १० को कभर्ड हल निर्माणको अन्तिम चरणमा पुगेको साथै इचंगुनारायण मन्दिर र वडा नं ५ स्थित हरिसिद्धि मन्दिर निर्माण सम्पन्न भएको छ भने वडा नं ३ स्थित आकाश भैरव देउताघर/सत्तल सम्पन्न हुने क्रममा रहेको छ।यस अवधिमा उपभोक्ता समितिसँग २०३ वटा योजना सम्झौता भएको र विद्युत्तीय बोलपत्रको माध्यमबाट ७१ वटा सार्वजनिक निर्माण तथा मालसामान खरिद प्रक्रिया अगाडि बढाइएको छ।सबै वडाका महत्वपूर्ण भित्री सडकहरू गरी कुल ९ कि.मि. भन्दा बढी सडकको स्तरोन्नती कार्य चालु आ.व. भित्र सम्पन्न भएको छ। साथै विगतमा कालोपत्रे/ढलान भई मर्मत गर्नुपर्ने देखिएका सबै जसो वडाका मुख्य तथा सहायक सडकहरू मर्मत सम्भार कार्य सम्पन्न भएका छन्।

१०. यस अवधिमा उपत्यका विकास प्राधिकरणबाट विकसित इचंगुनारायण रानीवन जग्गा एकीकरण आयोजना (दोस्रो) नगरपालिकामा हस्तान्तरण भएको र उक्त आयोजनामा नगरपालिकाकै तर्फबाट कर्मचारी व्यवस्थापन भई आयोजना सञ्चालन भईरहेको छ।

११. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता समितिहरूबाट वितरित खानेपानीको शुद्धताको परीक्षण गरी समस्या देखिएका स्थानहरूमा सुधारका लागि ताकेता गरिएको, खानेपानी समितिहरूमा देखिएका सुशासन सम्बन्धी समस्याहरूलाई समाधान गर्न साधारण सभा, लेखा परीक्षण लगायतका कार्यहरू गराईएको तथा समग्र खानेपानी तथा सरसफाई सम्बन्धी नीतिमा एकरूपता कायम गर्न नगरस्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी कानुन तर्जुमा गरी लागू गरिएको छ।

१२. नागार्जुन नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् व्यवस्थापनको लागि **आपत्कालीन कार्य सञ्चालन कार्यविधि, २०८२** तर्जुमा गरी विभिन्न वडाका ६६ जनालाई विपद् स्वयंसेवक खोज तथा उद्धार सम्बन्धी तालिम प्रदान गरिएको छ।

१३. नागार्जुन नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका कूल ६३ वटा सहकारी संस्थाहरुको संस्थागत सुशासन कायम गर्न तथा वित्तीय जोखिमको अवस्था पहिचान गरी निरीक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन सहकारी विज्ञ समेतको संलग्नतामा वडा नं ४ देखि १० सम्म रहेका सहकारी संस्थाहरुको स्थलगत अनुगमन कार्य सम्पन्न गरिएको छ। अनुगमनका क्रममा सहकारी संस्थाहरुको संस्थागत सुशासन, आन्तरिक नियन्त्रण पद्धति, वित्तीय सुशासन लगायतका कार्य सञ्चालनका सम्बन्धमा संस्थाको व्यवस्थापनमा संलग्न व्यक्तिहरुबाट प्राप्त भएका जानकारी

एवम् पेश गरिएका कागजात, प्रमाण तथा अभिलेखका तथ्यहरुका आधारमा देखिए बमोजिमको अवस्था, भए गरेको व्यहोरा अनुगमन प्रतिवेदनमा उल्लेख गरी अभिलेखीकरण गरिएको छ।

१४. नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको तथा अभिलेख व्यवस्थापन समेत प्रभावकारी बनाउँदै लगिएको छ। विद्युतीय बोलपत्र प्रणाली, डिजिटल घर नक्सा इजाजत प्रणाली, पुराना नक्साहरूको डिजिटाईजेशन, कर्मचारीहरूको ई-हाजिरी, योजना कार्यान्वयनमा सफ्टवेयरको प्रयोग, पञ्जिकरण तथा राजश्व संकलनमा समेत सफ्टवेयरको प्रयोग र डिजिटल सुधारका कार्यहरूले समयको बचत, छिटो छरितो सेवा प्रवाह तथा चुस्त अभिलेख व्यवस्थापनमा सहयोग पुऱ्याइएको छ।

१५. आ.व. ०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा ९२ अंक दावी गरिएको (जि.स.स. बाट स्वीकृति पश्चात सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश भई अन्तिम नतिजा प्रकाशन हुन बाँकी), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मा ८९ अंक, स्थानीय तह आर्थिक विकास स्वमूल्याङ्कन (LED) मा ७७ अंक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने कार्यसम्पादन मूल्यांकनमा ६६.९८ अंक, अन्तिम लेखा परीक्षणबाट कायम हुने बेरूजु फछ्र्यौट जस्ता मूल्याङ्कन सूचकहरुमा क्रमशः सुधार हुँदै आएको छ। जसले गर्दा नगरपालिकाको कार्यसम्पादन र सुशासनका पक्षमा सकारात्मक परिवर्तन हुँदै गएको प्रष्ट हुन्छ।

१६. नगरपालिका र सेवाग्राही बीच अन्तर सम्बन्ध कायम गर्न समिक्षा अवधिमा नगरपालिकाबाट २ पटक सार्वजनिक सुनुवाई कार्यक्रम गरिनुका साथै वडास्तरबाट समेत सार्वजनिक सुनुवाई कार्यक्रमहरु सम्पन्न भएका छन्।

१७. संविधान प्रदत्त रोजगारीको मौलिक हक कार्यान्वयनका लागि व्यवस्था गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचीकृत ७७ जना बेरोजगारहरु मध्ये यस अवधिमा ४५ जना बेरोजगार व्यक्तिहरुलाई ३६१२ कार्य दिन बराबरको रोजगारी उपलब्ध गराइएको छ।जसमा नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रु. २६ लाख ५८ हजार ४ सय ३२ रुपैंया खर्च भएको छ।

१८. नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस नगरपालिकामा कायम भएका जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, जेष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता र दलित बालबालिका समेत गरी जम्मा ३३०४ जना लाभग्राहीलाई तोकिएको समयमा नै बैङ्क खातामा तेस्रो त्रैमासिक सम्मको रकम रु. ३ करोड ४५ लाख ५३ हजार ७ सय ७२ रुपैंया भुक्तानी गरिएको छ। यस अवधिमा व्यक्तिगत घटना तर्फ (जन्म, मृत्यु सम्बन्ध विच्छेद विवाह बसाइसराई) गरी जम्मा १३९७ वटा घटना दर्ता भएको छ। यस अवधिमा १ देखि १० नं वडाहरुमा संकलन भएका राष्ट्रिय परिचयपत्र प्राप्त भई सम्बन्धित वडा कार्यालयहरुबाट १५ हजार भन्दा बढी वितरण भएको र नगरपालिकाबाट पनि निरन्तर संकलन तथा वितरण भइरहेको छ।

१९. न्यायिक समितिमा प्राप्त उजुरी मध्ये गत आ.व. बाट जिम्मेवारी सरी आएको १० र यस अवधिमा थप २३ मध्ये १४ वटा फछ्र्यौट भई १९ वटा विवादहरु न्यायिक निरुपणको क्रममा रहेका छन्।

सहभागितामुलक योजना पद्धति र प्रभावकारी अनुगमन तथा दैनिक सेवा प्रवाहको प्रभावकारिताका लागि हामीले अबलम्वन गरेका नीति, योजना, कार्यक्रम र व्यवहारले नगरवासी सबैमा नगरपालिका प्रतिको विश्वास अभिबृद्धि गरेको छ भन्ने मलाई लागेको छ।नगरपालिकाको संस्थागत क्षमता विकासका लागि कानुन तथा कार्यविधिहरू निर्माण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिईनुका साथै नीतिमा आधारित योजना तथा कार्यक्रमका लागि नगरपालिकाको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागिएको व्यहोरा अवगत गराउन चाहान्छु।साथै नगरपालिकाका लागि सरोकारवाला एवम् नागरिक समुदायहरुबाट प्रदान गरिने रचनात्मक सुझाब र सल्लाह, गुनासो र खबरदारी हाम्रा लागि सदैव स्वागतयोग्य छन्।

सभाध्यक्ष महोदय,
अव म यस नगरपालिकाको आगामी आ.व. ०८२/८३ का लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**नीति तथा कार्यक्रमको लक्ष्यः**

नेपालको संविधानले तय गरेको स्वायत्तता र स्वशासनको अधिकारलाई सहकारीता, सहअस्तित्व र समन्वयका साथ उपयोग गर्दै, पूर्ण पारदर्शी भई जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लाभहरू

स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु, प्रभावकारी सेवा प्रवाहको प्रवन्ध मिलाउनु, युवा तथा बेरोजगार व्यक्तिहरूको सीप विकास गरी रोजगारीको प्रवन्ध गर्नु, समाजका अल्पसंख्यक, सिमान्तकृत तथा कमजोर वर्गको सशक्तिकरण तथा मूल प्रवाहीकरण गर्नु, नगर भित्र गुणस्तरीय पूर्वाधारको विकास गर्दै परम्परागत कला, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी नगरलाई साँस्कृतिक रुपले उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै जनताको गुणस्तरिय जीवनयापनको अवसर सृजना गरी सम्बृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ। यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी सामाजिक विकास (स्वास्थ्य, शिक्षा र जेष्ठ नागरिक, महिला तथा वालवालिका), आर्थिक विकास (कृषि, उद्योग, रोजगारी सृजना), भौतिक विकास (विकास निर्माण तथा विपद व्यवस्थापन) एवं सुशासन लाई नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गरिएको छ।

**मुख्य नीतिहरु:**

१. गुणस्तरीय शिक्षा एवम् स्वास्थ्य सेवा, खानेपानी एवम् फोहरमैलाको प्रभावकारी व्यवस्थापन,

२. नवप्रबर्तन, स्वरोजगार, सीप र स्थानीय पुँजी र प्रबिधिको माध्यमबाट उद्यमशीलता एवम् रोजगारी प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य श्रम बजारमा उपयोग हुने सीपमूलक तालिमको व्यवस्था

३. विपद् संवेदनशील, वातावरणमैत्री गुणस्तरीय शहरी पूर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि,

४. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने महिला, बालबालिका, अपांगता भएका व्यक्ति एवम् सामाजिक/साँस्कृतिक रूपले पिछडिएका व्यक्तिहरूको लागि अनुकूलन क्षमता विकास, तथ्याङ्क अभिलेखीकरण, उत्थान तथा सशक्तिकरण

५. नगरपालिकाको वित्तीय शक्तिको विस्तार एवम् संस्थागत क्षमता अभिवृद्धि,

६. प्रभावकारी सेवा प्रवाह एवम् पारदर्शीता, उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गरी स्थानीय सरकार प्रति नागरिक विश्वास अभिवृद्धि

उपर्युक्त प्रमुख नीतिहरुको आधारमा देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमको अबलम्बन तथा कार्यान्वयन गरिनेछ।

## १. आर्थिक विकास

### क. राजश्व परिचालन

१. नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै किसिमका आर्थिक तथा व्यावसायिक क्रियाकलापहरूलाई व्यवसाय करको दायरामा ल्याउने तथा करका दरहरूमा समेत वैज्ञानिक पुनरावलोकन गरी करदातामैत्री राजश्व नीति अवलम्बन गरिनेछ।

२. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सबै करदाताहरूको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गरी अन्य निकाय तथा सरोकारवालाहरुसँगको समन्वयमा अभिलेख व्यवस्थापन गरिनेछ।

३. कर राजश्व तथा गैरकर राजश्वको क्षेत्र विस्तार एवं करका दरहरुलाई लागत प्रभावी हुने गरी समयसापेक्ष परिमार्जन गरिनेछ।

४. नागार्जुन नगरपालिकालाई आन्तरिक श्रोतबाट आत्मनिर्भर नगरपालिका बनाउन करको दायरा विस्तार गर्न आवश्यक अध्ययन तथा अनुसन्धानका कार्यहरू अगाडि बढाईनेछ। साथै नगरपालिकामा सङ्कलन हुने सम्पूर्ण कर तथा गैर कर राजश्वको परिपालना दर अभिवृद्धि गर्न तथा राजश्वमा हुने चुहावटलाई न्युनीकरण गर्न हरेक वडा मार्फत अनुगमन तथा नियमनलाई तिव्रता दिँदै घुम्ती सेवा समेत सञ्चालन गरिनेछ।

५. आ.व. २०८२/८३ को कार्त्तिक मसान्त भित्र सम्पत्ति कर तथा भुमिकर तिर्ने करदातालाई १० प्रतिशत छुट, आ.व. २०८२/८३ को एकमुष्ठ रुपमा आर्थिक वर्ष भरीको बहाल कर कार्त्तिक मसान्त भित्र चुक्ता गर्ने करदातालाई २५ प्रतिशत छुट प्रदान गरिनेछ। साथै अपाङ्गता भएका व्यक्तिहरुको नाममा दर्ता हुने व्यवसायलाई व्यवसाय दर्ता दस्तुरमा ५० प्रतिशत छुट र महिलाको नाममा दर्ता हुने ५ लाख भन्दा कम पुँजीको लघु, घरेलु तथा साना उत्पादनमुलक उद्योगको दर्ता दस्तुरमा ५० प्रतिशत छुट सुविधा उपलब्ध गराइनेछ।

६. निजी क्षेत्रले १०० जना भन्दा बढीलाई रोजगार दिने कुनै कम्पनी, उद्योग, संघ, संस्थाहरुलाई सञ्चालन भएको वर्ष देखि २ वर्ष सम्म र २०० भन्दा बढी रोजगार दिने लाई ३ बर्ष सम्मको नगरपालिकाबाट लाग्ने सम्पूर्ण कर, दस्तुर र शुल्कमा छुट दिईनेछ।

७. राजश्वका नयाँ दायरा पहिचान तथा परिपालना दर बढाउने कार्यमा जनप्रतिनिधि, कर्मचारी, विज्ञ एवम् स्वयंसेवकहरू समेत परिचालन गरिनेछ।

८. नगरपालिका तथा वडा कार्यालयमा दर्ता नभएका सम्पूर्ण व्यवसायहरुलाई आ.व. २०८२/८३ लाई नै आधार वर्ष मानेर व्यवसाय दर्ता अभियान सञ्चालनलाई निरन्तरता दिईनेछ। पटक - पटक मौखिक तथा लिखित अनुरोध गर्दा समेत व्यवसाय दर्ता नगरेमा त्यस्ता व्यवसायीहरुलाई कानुन बमोजिम नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवासुविधा रोक्का समेतका कारवाही प्रक्रिया अगाडि बढाईनेछ।

९. घरजग्गा बहाल कर सङ्कलनलाई यथार्थपरक तथा प्रभावकारी बनाउन सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा घरबहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्वन गर्दै घरजग्गा बहाल करको परिपालनामा जोड दिईनेछ।

१०. आ.व. २०८२/०८३ मा १० वटै वडा तथा नगर कार्यपालिकाको कार्यालय मार्फत राजश्वमा उच्चतम योगदान गर्ने व्यक्तिगत तथा संस्थागत करदातालाई आगामी नगर सभामा सम्मान गर्ने नीति लिईनेछ।

## ख. कृषि, सिंचाई तथा पशुपालन

११. नगरपालिकाबाट उपलब्ध गराइने कृषिका विभिन्न अनुदान कार्यक्रममा एकरुपता, पारदर्शी, निष्पक्षता कायम गर्न प्राविधिक र आर्थिक मापदण्डका आधारमा एकै व्यक्ति वा संस्थाले सोही आ.व. मा दुई वा सो भन्दा बढी निकायबाट अनुदान लिन नपाउने गरी कार्यविधि बनाई कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. कृषि व्यवसाय, अनुदानलाई थप व्यवस्थित गराउन किसान सूचीकरण कार्यक्रम मार्फत कृषकहरुको बिवरण प्रणालीमा प्रविष्टिलाई निरन्तरता दिई किसान परिचय पत्र उपलब्ध गराइनेछ।

१३. कृषि उत्पादनमा रासायनिक विषादीको प्रयोगबाट मानव, वातावरण, माटो, स्वस्थ्यमा पर्ने जोखिमलाई न्यूनीकरण गर्न रासायानिक बिषादीको प्रयोगलाई न्यूनीकरण गर्दै जैविक/वनस्पती बिषादी अनुदानमा उपलब्ध गराउनुका साथै गड्यौला मल, प्रांगारिक मल प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ र विषादि व्यवस्थापन गर्न अन्य सरोकारवाला निकायसँग समन्वय गरी विषादि परीक्षण ल्याव सञ्चालन गरिनेछ।

१४. कृषकलाई कृषि, पर्यावरणीय, अनुसन्धान र प्रविधि बिस्तारलाई प्रोत्साहन गर्न कृषक पाठशाला सञ्चालन गरिनेछ।

१५. "फोहोरबाट मोहोर" नारालाई आत्मसात् गर्दै घरबाट निस्कने कुहिने फोहोरलाई व्यवस्थित गर्न कम्पोष्ट बिनको प्रयोगबाट प्रांगारिक मल उत्पादनमा जोड दिंदै शहरी खेती प्रणाली (कौशी खेती) लाई निरन्तरता दिइनेछ।

१६. बागमती प्रदेश सरकारसँगको सहकार्यमा समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत लिची खेती र बाख्रा पालनलाई निरन्तरता दिइनेछ ।

१७. कृषि र पर्यटनलाई सँगै लैजाने गरी एग्रो टुरिजम र होमस्टे सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

१८. आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन वृद्धि गर्न अनुदानमा आधारित बिभिन्न उन्नत जातका तरकारीका बीउबिजन, फलफूलका बिरुवा, खाद्यान्न बालीको बीउ उपलब्ध गराउनुका साथै कृषकको क्षमता, सीप अभिवृद्धि गर्न तालिम सञ्चालन गरिनेछ ।

१९. रैथाने बाली, स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्न, सहज बजारीकरण, प्रचारप्रसारलाई अभिवृद्धि गर्न कृषि हाट बजार सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२०. व्यावसायिक तथा निर्वाहमुखी पशुपन्छी पालक कृषकहरुका लागि अत्यावश्यक औषधिहरु तथा विभिन्न माहामारीजन्य रोगहरुका भ्याक्सिनहरु निःशुल्क उपलब्ध गराई कृषकहरुको आर्थिक सुधारमा सहयोग पुऱ्याउन पशु सेवालाई निरन्तरता दिइनेछ।

२१. पशुमा कृतिम गर्भाधान गराउन आवश्यक सामाग्री तथा उपकरणहरु प्राविधिकहरुलाई उपलब्ध गराई कृतिम गर्भाधान निरन्तरता दिइनेछ।

२२. कुकुरको टोकाइबाट मानिस तथा अन्य स्तनधारी जनावरमा सर्ने संक्रामक रेविज रोग नियन्त्रणको लागि साझेदारी संस्थाको सहकार्यमा सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण र रेविज विरुद्धको खोप सञ्चालन गराइनेछ।

२३. साझेदारी संस्थाको सहकार्यमा सामुदायिक मृत जीवजन्तु तथा घाईते (सामुदायिक कुकुर/छाडा पशु चौपाया लगायत) व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

२४. पशुपन्छी पालनमा नयाँ प्रविधि प्रसारप्रचारमा कृषकहरुलाई लजिस्टिक सहितको तालिम र बाझोपन डोर टु डोर शिविर कार्यक्रम निःशुल्क सञ्चालन गरिनेछ ।

२५. नागार्जुन नगरपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि उपजहरूको मुल्य श्रृंखलामा आधारित अध्ययन अनुसन्धान गरी सूचना प्रविधिमा आधारित संकलन तथा वितरण केन्द्र स्थापनाका लागि प्रदेश सरकारसँग ३० प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. निक्षेप तथा कर्जा सुरक्षण कोषसँग नगरपालिकाले महिला उद्यमशिल, कृषि, पर्यटन, सहुलियत पूर्ण व्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन**

२७. नवप्रवर्तन र स्टार्टअप राष्ट्रिय अभियान अनुरूप स्टार्टअप व्यवसायको विकास र प्रवर्द्धन गर्न प्राज्ञिक संस्थाहरूसँग सहकार्यको लागि पहल गरिनेछ।

२८. नवउद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्नतिको विस्तार र उत्पादकत्व वृद्धिका लागि लघु उद्यमीहरूलाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ।

२९. स्थानीय स्तरमा लघु उद्यमीद्वारा उत्पादित वस्तुहरूको बजारीकरणका लागि माग र आवश्यकताका आधारमा उपयुक्त ठाउँमा कोशेली घरको स्थापना गर्न पहल गरिनेछ।

३०. उद्यम व्यवसाय गर्न चाहने युवाहरुको लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) को मोडेलमा उद्यमशिलता विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। साथै नगरपालिकाबाट सीपमुलक तालिम तथा प्रविधि प्राप्त गरेका उद्योग व्यवसायको नियमित रुपमा स्थलगत अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

३१. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम व्यवसाय सञ्चालन गरेका लघु उद्यमी समुहहरुको क्षमता विकासका लागि उद्योग व्यवसायसँग सम्बन्धित कानुनी प्रक्रिया सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३२. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तु तथा सेवाको आधारभूत गुणस्तर एवं सम्बद्ध विषयहरूमा नियमन गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइनेछ।

३३. वैदेशिक रोजगारीबाट फर्केका तथा बेरोजगार युवाहरूको सीप र दक्षता अनुसारको रोजगारी तथा स्वरोजगारका लागि सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा उपयुक्त वातावरणको सृजना गरिनेछ। साथै नेपाल सरकारको राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमलाई संघीय नीति अनुरुप कार्यान्वयन गरिनेछ।

**घ. सहकारी**

३४. सहकारी संस्थाहरूलाई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप गठन एवम् सञ्चालन गर्न गराउन नियमन तथा अनुगमन क्षमतामा व्यापक तथा विशिष्टरूपमा सुधार गरिनेछ। साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा नेपाल राष्ट्र बैंक लगायतका निकायबाट सहकारी संघ संस्थाहरूलाई जारी सहकारी सम्बन्धी अनुगमन तथा नियामकीय मापदण्डहरूको परिपालना गराउन जोड दिइनेछ।

३५. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको अनुगमन सम्बन्धी सूचकहरूलाई समयानुकूल परिमार्जन गरिनेछ। सहकारी संस्थाहरूमा बचत परिचालनमा एकरूपता कायम गर्दै

जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउन संस्थाहरूका लागि बचत तथा ऋण लगानी एवम् असूली सम्बन्धी नमूना कार्यविधि तयार गरिनेछ।

३६. सहकारी संस्थाहरूको अनुगमन र मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ। अनुगमनबाट प्राप्त सूचनाका आधारमा प्रत्येक सहकारी संस्थाको डाटाबेस तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै संस्था समस्याग्रस्त हुनु पूर्व नै वित्तीय जोखिमको अवस्था पहिचान गरी सम्बोधन गर्ने नीति अवलम्बन गरिनेछ।

३७. सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरणमा जोड दिइनेछ। यसका लागि संस्थाहरूको सशक्तिकरण तथा क्षमता अभिवृद्धि गर्न आवश्यकतानुसार सहकारी व्यवस्थापन, सहकारी लेखा व्यवस्थापन, पर्ल्स विश्लेषण लगायत विभिन्न तालिम कार्यक्रम तथा कार्यशालाहरूको आयोजना गरिनेछ।

३८. सहकारी क्षेत्रमा देखिएका विकृतिहरु नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्न सहकारी कानुन तथा मापदण्डको परिपालनामा जोड दिइनेछ। साथै कानुनको परिपालना नगर्ने सहकारी संस्थाहरूलाई प्रचलित कानुनले तोके बमोजिमको दण्ड सजाय र जरिवाना सम्बन्धी प्रावधानहरू तत्कालै लागू गरिनेछ।

३९. चालु आर्थिक वर्षमा छोटो अवधिमा सहकारी विषय विज्ञको सेवाबाट हासिल संस्थागत अनुगमन क्षमता अभिवृद्धि समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा समेत सो अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी बनाउन सहकारी विषय विज्ञको सेवा लिइनेछ।

४०. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई सहकारी कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र, सहकारी कर्जा असूली न्यायधीकरण लगायतका निकायहरूको भूमिका र सम्बद्ध कानुन तथा विधिका सम्बन्धमा अभिमुखीकरण गरी बचत र लगानीको सुरक्षा गर्ने गराउने कार्यलाई जोड दिइनेछ।

४१. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई एक आपसमा एकिकरणका लागि प्रोत्साहन गरिनेछ।

४२. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गर्नको लागि सहकारी प्रवर्द्धन तथा समन्वय समिति गठन गरिने छ।

## ङ. कला, संस्कृति तथा पर्यटन प्रवर्द्धन

४३. नगरस्तरीय पर्यटनसँग सम्बन्धित गौरवका आयोजनाहरु, ऐतिहासिक महत्वका स्मारक, धार्मिक स्थल, जलाधार संरक्षण लगायत आयोजनाहरुको सम्भाव्यता अध्ययन एवम् प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ।

४४. नगरपालिका क्षेत्र भित्र प्रचलित ऐतिहासिक तथा धार्मिक सम्पदाहरु तथा जात्रा पर्वको संरक्षण, सम्बर्द्धन एवम् अन्तर पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिईनेछ।

४५. नागार्जुन नगरपालिकाका बिन्दाबासिनी मन्दिर, छापेचौर, नर्सरीभञ्याङ्ग, बद्रिनारायण धाम, भिमढुंगा, रामकोट, सेतो गुम्बा, आदेश्वर मन्दिर, छग्डोल, इचंगुनारायण मन्दिर हुँदै वडा नं. १ को पचली भैरव मन्दिर, बाईसधारा देखि जामाचो क्षेत्रमा पर्यटन बोर्ड तथा अन्य संघ तथा प्रदेश सरकारका निकायहरूसँगको सहकार्यमा पदमार्ग तथा हाइकिङ्ग मार्ग निर्माण गरिनेछ।

४६. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका होमस्टेहरूको प्रवर्धन गरी न्यूनतम मापदण्डको कार्यान्वयन गरी सेवाप्रवाहलाई गुणस्तरीय एवम् ग्राहकमुखी बनाउन अनुगमन, नियमन तथा क्षमता विकासमा जोड दिईनेछ।

४७. नागार्जुन नगरपालिका भित्र रहेका साँस्कृतिक धार्मिक सम्पदा इचंगुनारायण, हल्चोक भैरव, पचली भैरव, आदेश्वर महादेव, तारकेश्वर मन्दिर र बद्री नारायण धामलाई विकास समिति मार्फत सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

४८. नागार्जुन नगरपालिका क्षेत्रभित्र धार्मिक, प्राकृतिक, पर्यटन विकास प्रवर्द्धनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट बजेट विनियोजन भई निर्माण गरिएका संरचनाहरू कृषि, पर्यटन, सहकारी संघसंस्थाहरूलाई सञ्चालनको जिम्मेवारी दिई लागत साझेदारी गरिनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा, युवा तथा खेलकूद

४९. नागार्जुन नगरपालिकाको ५ वर्षे आवधिक नगर शिक्षा योजनाले तय गरेको "गुणस्तरीय प्रविधिमैत्री तथा रोजगारमूलक शिक्षामा सबैको पँहुच सुनिश्चित गरी उद्यमशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने" लक्ष्य प्राप्तिका लागि कार्यक्रमको प्रवन्ध मिलाइनेछ ।

५०. सबै बालबालिकाहरुको शिक्षामा पँहुच सुनिश्चित गरी विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, जीवन उपयोगी र प्रविधिमैत्री बनाउँदै लगिनेछ त्यसका लागि सामुदायिक विद्यालयहरुलाई दिइँदै आएको शिक्षण सिकाइ सहयोग अनुदानलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाइनेछ।

५१. सामुदायिक विद्यालय प्रति सरोकारवालाको अपनत्व बढाउन "मेरो विद्यालय मेरो दायित्व" अभियानलाई सबै विद्यालयहरुमा विस्तार गरिनुका साथै विद्यालय व्यवस्थापन समिति र शिक्षक, अभिभावक संघका पदाधिकारीका लागि नेतृत्व विकास तालिम तथा शिक्षक, कर्मचारी, बालविकासका सहजकर्ताहरुका लागि तहगत र विषयगत रुपमा क्षमता अभिवृद्दि कार्यक्रम सञ्चालन गरिनेछ।

५२. गृहिणी महिला तथा विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका व्यक्तिलाई अनौपचारिक तथा आजीवन सिकाइका माध्यमबाट माध्यमिक तहसम्मको शिक्षामा पँहुच सुनिश्चित गरिनेछ।

५३. बौद्धिक अपांगता, अटिजम र दुर्लभ रोग भएका विद्यार्थीलाई लक्षित गरी विशेष विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ। सामुदायिक तथा संस्थागत सबै विद्यालयहरुका अपांगता भएका विद्यार्थीहरुलाई भेदभावरहित तवरमा पठनपाठन कार्य गर्न गराउन अनिवार्य गरिनेछ।

५४. विद्यालयमा आर्थिक प्रशासनलाई चुस्त, व्यवस्थित, पारदर्शी, जवाफदेही बनाउँदै वित्तीय सुशासन कायम गरिनेछ।

५५. सामुदायिक विद्यालयहरुमा सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रममा इ.सि.डि देखि कक्षा ५ सम्म प्रति विद्यार्थी रु. १०।- थप गरी दिवा खाजालाई स्वच्छ, स्वस्थ र गुणस्तरीय बनाइ व्यवस्थित गर्दै लगिने छ।

५६. सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, विद्यालय कमर्चारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, सामुदायिक सिकाई केन्द्रका परिचालक तथा विद्यालय सुरक्षाको कार्यमा खटिने कर्मचारीहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ।

५७. संस्थागत विद्यालयहरुको वर्गीकरणको आधारमा लक्षित समुदायका वालवालिकाहरुलाई ऐन, नियमावली तथा मापदण्डले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५८. वृत्ति मार्ग निर्देशन इकाइ मार्फत युवाहरुलाई उद्यमशीलता तथा रोजगार अभिवृद्दि कार्यक्रम सञ्चालन गरी युवालाई तालिम, सीप, प्रविधि र परामर्श सेवा उपलव्ध गराइनेछ ।

५९. युवालाई आर्थिक र सामाजिक रुपान्तरणका प्रमुख वाहकका रुपमा परिचालन गरी शारीरिक र मानसिक विकासको लागि नियमित खेलकुद सञ्चालन गर्न विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६०. शिक्षासँगै सीप अभियान अन्तर्गत युवा विद्यार्थीलाई उद्यमशील बनाउन र रोजगारीका अवसरहरु वृद्धि गर्न नवप्रवर्तनमा आधारित सीपमूलक तालिम दिने व्यवस्था मिलाइनेछ ।

६१. विद्यार्थीको सर्वाङ्गीर्ण विकासका लागि रमाइलो शुक्रवार कार्यक्रम आयोजना गरी व्यवहारिक, रचनात्मक, प्रयोगात्मक र परियोजनामा आधारित बनाउँदै सिर्जनशील शिक्षाको आधारको रुपमा कार्यान्वयन गरिनेछ।

६२. प्रतिभावान खेलाडीको पहिचान गर्न क्षमता विकास तथा प्रोत्साहन गरी सबै उमेर समूहका वालवालिकाहरुको खेलकुदमा सहभागिताको व्यवस्था मिलाइनुको साथै स्काउटको संरचनालाई विकास तथा विस्तार गरिनेछ।

६३. नगर क्षेत्रमा आम नगरबासीहरुको पठन संस्कृतिको अभिवृद्धिका लागि संस्थागत रुपमा पुस्तकालय स्थापना र सञ्चालन गर्न आवश्यक अनुदान दिने नीति लिइनेछ।

**ख. स्वास्थ्य शाखा**

६४. नगर अस्पतालको सेवालाई थप प्रभावकारी बनाउदै सवै नगरबासीहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न नगरपालिका क्षेत्रभित्रका सबै स्थायी बासिन्दा परिवारहरूका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ।

६५. महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोगको समयमा पहिचान गरी रोकथाम गर्नको लागि सबै वडा स्थित स्वास्थ्य संस्थाहरुमा निःशुल्क VIA परीक्षण तथा HPV DNA परीक्षण शिविर सञ्चालन गरिनेछ।

६६. नगरपालिका क्षेत्र भित्र दैनिक रुपमा बढ्दै गईरहेको क्षयरोगको रोकथाम तथा नियन्त्रण गरी नगरपालिकालाई क्षयरोग मुक्त क्षेत्र बनाउनको लागि क्षयरोग निवारण अभियान सञ्चालन गरिनेछ।

६७. नेपाल लगायत विश्व भरी नै नसर्ने रोगहरुको चाप अत्याधिक रुपमा बढिरहेको अबस्थालाई मध्यनजर गर्दै नगरपालिका अन्तर्गत प्रत्येक वडाको कम्तिमा १/१ ठाउँमा नसर्ने रोग सम्बन्धी जनचेतना मूलक स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ। अशक्त, अपाङ्ग, तथा जेष्ठ नागरीकहरुलाई नसर्ने रोग सम्बन्धी घरदैलो मा गएर स्क्रिनिङ तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६८. स्वास्थ्यको मापदण्ड अनुसार खानेपानीको जाँच तथा निगरानी गर्नुको साथै स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।

६९. पोषणमैत्री स्थानीय तहको अवधारणा अनुसार नमुना वडाको रुपमा विस्तार गर्दै पोषण मैत्री स्थानीय तह घोषणा गरिनेछ।

७०. किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारण अनुसार किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने व्यवस्था मिलाईनेछ ।

७१. विद्यालय नर्स तथा स्वास्थ्यकर्मीहरुको परिचालन गरी यौन तथा प्रजनन् स्वास्थ्य लगायत विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. विभिन्न किसिमका माहामारी जन्य रोगहरुको नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु बनाई किटजन्य रोग लगायत माहामारीको सम्भावना लाई रोकथाम तथा नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ।

७३. नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउदै नगर अस्पतालबाट प्रदान गरिएको निःशुल्क रेविज विरुद्धको खोपलाई निरन्तरता दिईनेछ ।

७४. नगरपालिकाको शववाहन र एम्बुलेन्सद्वारा नगरबासीहरूलाई निःशुल्क सेवा प्रदान भइरहेको र उक्त कार्यलाई निरन्तरता दिईनेछ ।

७५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आइरहेको प्रोत्साहन रकम मासिक रु ५०००/- रकमलाई निरन्तरता दिइनेछ। साथै ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित प्रोत्साहन सहित सम्मानजनक विदाई गर्ने नीति लिइनेछ।

७६. सबै बालबालिकाहरुलाई खोपको पूर्ण मात्रा लगाउन प्रत्येक बर्ष पुर्ण खोप सुनिश्चितता र आवश्यक क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७. अल्ट्रासाउण्ड (भिडियो एक्सरे) को सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवशिशुको मृत्युदर घटाउनको लागि हाल सबै स्वास्थ्य संस्थामा सञ्चालन भईरहेको अल्ट्रासाउण्ड कार्यक्रमलाई सबै वडा स्थित स्वास्थ्य संस्थाहरुमा निरन्तरता दिईनेछ।

७८. विश्वमा बढ्दै गई रहेको आत्महत्या दर, मानसिक स्वास्थ्य समस्या, डिप्रेशन, लगायतका रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

७९. वैकल्पिक चिकित्साको रूपमा आयुर्वेद उपचार पद्धतिलाई संस्थागत गर्ने प्रवन्ध मिलाईनेछ।

८०. आयुर्वेद शाखाबाट निरन्तर रूपमा सञ्चालन हुँदै आएका स्तनपायी आमा, जेष्ठ नागरीक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम गर्न जनचेतनामूलक कार्यक्रम, निःशुल्क औषधि वितरण लगायतका कार्यकमहरूलाई निरन्तरता दिईनेछ ।

८१. समुदायस्तरबाट सञ्चालित योग ध्यान लगायतका सकारात्मक कार्यक्रमहरूलाई प्रोत्साहित गरिनेछ।

८२. दैनिक रुपमा निःशुल्क अत्यावश्यक औषधि वितरणलाई निरन्तरता दिनका लागि अत्यावश्यक औषधिहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

८३. यस नगरपालिका अन्तर्गत आयुर्वेद सेवा नपुगेका स्थानहरुमा आयुर्वेद सेवाको पहुच पुऱ्याउनको लागि सबै वडाहरुमा घुम्ती शिविर सञ्चालन गरिनेछ ।

## ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् लक्षित वर्ग

८४. महिला, बालबालिका, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गरी सहायता सामाग्री, सीप विकास, क्षमता विकास, उद्यम सहायता, स्वरोजगारी, क्षमता विकास तथा सशक्तिकरण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ।

८५. लिङ्गका आधारमा समाजमा व्याप्त अन्धविश्वास, कुरीति, बोक्सी प्रथा, छुवाछुत प्रथा तथा बाल हिंसा, बालविवाह जस्ता विकृति हटाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

८६. सबै खालका विभेदलाई अन्त्य गर्दै महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता, सशक्तिकरणका कार्यक्रम सञ्चालन तथा लैङ्गिक हिंसा निवारणका लागि आचारसंहिता बनाई लागू गरिने छ।

८७. ज्येष्ठ नागरिक वडा समिति/सञ्जाल गठन तथा अभिलेखीकरण गरी मनोविमर्श तालिम, सम्मान कार्यक्रम, सम्मानित र मर्यादित जीवन जीउन स्याहारकर्ता तालिम तथा ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

८८. महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति तथा अभिभावकले उत्पादन गरेका वस्तुको मेला आयोजना गरी बजारीकरणमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८९. अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिण्ड्रोम भएका व्यक्तिका लागि स्याहारसुसार खर्चलाई निरन्तरता दिइने छ ।

९०. सूचना तथा प्रविधिको प्रयोगले समाजमा हुने नकारात्मक विकृतिहरु हुन नदिन, बालबालिकाका लागि विद्यालय स्तरमा बाल विवाह, दुर्व्यसन, हिंसा, दुर्व्यवहार, साइवरक्राइम तथा किशोरी आत्मरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

९१. हिंसामा परेका महिलाहरुको लागि तत्काल राहत उपलब्ध गराउनका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिने छ ।

९२. बालमैत्री स्थानीय शासन घोषणाको नीति अनुरुप नागार्जुन नगरपालिकालाई तोकिएको समयावधि भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने प्रबन्ध मिलाइनेछ।

९३. अभिभावक विहिन बालबालिका संरक्षणको लागि सहयोग तथा बैकल्पिक हेरचाह गर्ने नीति लिइनेछ।

९४. जेष्ठ नगारिक तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान, गुणस्तरिय सेवा प्रदान सुखी र सुनिश्चित वुढ्यौलीलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. लैङ्गिक उत्तरदायी बजेटको नीति अनुसार नगरका सामाजिक कार्यक्रमका बजेटलाई लैङ्गिक परीक्षण र झुकावको विश्लेषण सहित आय आर्जन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९६. महिला, जनजाति, दलित बालबालिका र अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक अल्पसंख्यकहरुको हक अधिकार सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिले सिफारिस गरेका सबै कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

९७. २०८२ साल फाल्गुण मसान्तसम्म सहयोगापेक्षी सडक मानव मुक्त नगरपालिका घोषणा गर्ने नीति लिइनेछ।

९८. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र अन्यत्रबाट नागार्जुन नगरपालिका भित्र आई अस्थायी रुपले बसेका व्यक्ति तथा परिवारको खण्डिकृत तथ्याङ्क अभिलेखीकरण गरी अद्यावधिक गरिनेछ।

## घ. खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन

९९. नागार्जुन नगरपालिकाको बढ्दो खानेपानीको मागलाई सम्बोधन गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) लगायतका सरोकारवालाहरुसँग आवश्यक पहल गरिनेछ।

१००. खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी “Wash Plan” योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

१०१. खानेपानी तथा सरसफाई कार्यविधि बनाई खानेपानी तथा सरसफाई उपभोक्ता समितिद्वारा वितरित हुने पानीको गुणस्तर सहज, सर्वसुलभ, एकरुपता साथै सेवा क्षेत्रभित्रका सबै घरधुरी लाभान्वित हुने गरी वितरण गरिने कार्यलाई अगाडि बढाइनेछ ।

१०२. आकाशे पानी संकलन तथा व्यवस्थापन सम्बन्धी तालिमहरु सञ्चानल गरी सो कार्य गर्न इच्छुक घरधुरीहरुलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१०३. जलवायू परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनको लागि विभिन्न स्थानमा भएका पानीको स्रोतहरुको नक्साङ्कन तथा उपलब्धता पहिचान गरी समूचित वितरणको सम्भाव्यता अध्ययन, संरक्षण तथा व्यवस्थापन गरिनेछ।

१०४. नगरलाई वातावरणीय हिसाबबाट व्यवस्थित गर्नको लागि फोहोरको उचित व्यवस्थापन गरिनेछ। साथै वडा नं . १, २, ३, ५, ६, ७, ८ मा बढि बन — जंगल क्षेत्र भएकाले सामुदायिक वन उपभोक्ता समितिहरू, समुदाय, संघसंस्थाहरूसँग समन्वय गरी फलफूल तथा अन्य उपयोगी विरूवाहरूको वृक्षारोपण गरी वातावरण जोगाउन स्थानीयहरूलाई प्रोत्साहन गरिनेछ।

१०५. प्रतिस्पर्धात्मक माध्यमबाट फोहोरमैला व्यवस्थापनका लागि सेवा प्रदायक छनौट गर्न कार्यविधि बनाइ लागू गरिनेछ। फोहोरमैला व्यवस्थापनका लागि सदस्यता कार्डलाई अनिवार्य गरिनेछ।

## ३. पूर्वाधार विकास

१०६. नागार्जुन नगरपालिकाबाट तयार हुने नगर यातायात गुरु योजना (MTMP) लाई अन्तिम रूप दिईनेछ। साथै उक्त गुरू योजनाले सिफारिस गरेका विषयहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०७. नागार्जुन नगरपालिकाबाट कार्यान्वयन हुने पूर्वाधारसँग सम्बन्धित आयोजनाहरू विपद् जोखिम उत्थानशिल हुने गरी डिजाईन, निर्माण तथा उपयोग गरिनेछ।

१०८. नागार्जुन नगरपालिकाबाट सार्वजनिक प्रयोजनका लागि भवन निर्माण गर्दा अनिवार्य रूपमा जग्गा प्राप्ति तथा आवश्यकता अनुसार वातावरणीय अध्ययन कार्यलाई प्रभावकारीता साथ कार्यान्वयन गरिनेछ।

१०९. नागार्जुन नगरपालिका क्षेत्रभित्र निर्माण हुने जाति, समुदाय विशेष मन्दिर लगायतका संरचना निर्माण गर्दा यथासम्भव स्थानीय उपभोक्ताहरूकै लगानीमा निर्माण तथा सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

११०. सार्वजनिक स्थान, पार्क तथा भवन जस्ता संरचना बनाउँदा अनिवार्य रुपमा अपाङ्ग, ज्येष्ठ नागरिक, महिला तथा बालमैत्री हुने गरी निर्माण तथा सञ्चालन गरिनेछ ।

१११. नगरपालिकाबाट सञ्चालन हुने सार्वजनिक निर्माण कार्य तथा निजी क्षेत्रबाट सञ्चालित हुने पूर्वाधारजन्य निर्माण कार्यमा संलग्न हुने कामदारहरूको सुरक्षाको लागि आवश्यक व्यक्तिगत रोकथाम उपकरण (PPE) को प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने तथा निर्माण कार्यमा खटिने कामदारहरूको सुरक्षा सम्बन्धी विषयमा प्राविधिकहरूबाट अभिमुखीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

११२. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक भवनहरूको अभिलेखाङ्कन, मर्मत सम्भार तथा उपयोगको अवस्था समेत मूल्याङ्कन गरी त्यस्ता सम्पत्तिहरूको संरक्षण, सम्वर्द्धन तथा उच्चतम नागरिक हितमा प्रयोग हुने गरी व्यवस्था मिलाईनेछ ।

११३. नागार्जुन नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने (प्लटिङ्ग बाहेकका) समुदायले कम्तीमा ५० प्रतिशत वा सो भन्दा बढी लागत साझेदारीमा सडक, अन्य पूर्वाधार तथा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव पेश गरेमा नगर कार्यपालिकाबाट बाँकी रकम व्यहोर्ने गरी जनसहभागिता समपूरक कोष निर्माण गरी कार्यान्वयन गरिनेछ।

११४. तालिम प्राप्त डकर्मी र प्राविधिकको सुनिश्चित गराएर मात्र भवन निर्माण अनुमति दिने नीति लिईनेछ। साथै नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने निर्माण कार्यलाई गुणस्तरीय बनाउन प्राविधिक तथा व्यावसायिक तालिम परिषद लगायत विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी कामदारहरूको क्षमता विकास कार्यक्रममा जोड दिईनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

११५. नागार्जुन नगरपालिकामा विभिन्न प्रकारका विपद्‌बाट हुने क्षतिलाई एकीकृत रुपमा न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थानीय विपद् र जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गरी लागु गरिनेछ ।

११६. मनसुनजन्य विपद्‌को प्रभावलाई न्यूनीकरण तथा रोकथाम गर्न उच्च जोखिम रहेका वडाहरुको वडास्तरीय मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिनेछ ।

११७. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन नीति अबलम्बन गरिनेछ। जस अन्तर्गत प्रत्येक वडामा कम्तिमा १० जना विपद् स्वयंसेवक टोली गठन गरी रेडक्रस, सुरक्षा तथा अन्य निकायको सहकार्यमा प्राथमिक उपचार, खोज तथा उद्धार, सम्बन्धि तालिम सञ्चालन गरिनेछ ।

११८. आगलागिबाट हुने जनधनको क्षतिलाई न्यूनिकरण तथा चुस्त प्रतिकार्यको लागि दमकल लगायत अन्य अत्याधुनिक उपकरणको लागि सम्बन्धित निकायहरुसँग समन्वय एवम् सहकार्य गरिनेछ।

११९. शहरी क्षेत्रमा बढ्दो ईलेक्ट्रिक सर्किट तथा ग्यासबाट हुने आगलागीलाई न्यूनिकरण तथा रोकथाममा गर्न समुदाय स्तरमा सो सम्बन्धी तालिम तथा ग्यास सिलिन्डरको गुणस्तर कायम गर्नको लागि नियमति रुपमा अनुगमन गरिनेछ।

१२०. वनको संरक्षण र व्यवस्थापन मा विशेष ध्यान दिई वन डढेलोको प्रकोपबाट हुने प्राकृतिक, मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण गर्न वन उपभोक्ता समिति, वन कार्यलयको समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२१. राष्ट्रले जलवायु परिवर्तनबाट अस्वभाविक वर्षासँगै आउने पहिरो तथा भूक्षयका समस्या समाधान गर्न वातावरणमैत्री, समावेशी र दिगो उपायमार्फत पहिरो नियन्त्रणलाई नीति तहबाट प्राथमिकता दिनेछ। यस सन्दर्भमा हरित पूर्वाधार र प्रकृतिमा आधारित समाधान लाई एकीकृत गर्दै नमुना परियोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

१२२. नागार्जुन नगरपालिका भित्र स्वास्थ्य जीविकोपार्जन उद्यमशीलता विपद् लगायतका क्षेत्रमा जलवायु परिवर्तनका असरले पार्ने जोखिमका क्षेत्रको लेखाजोखा गरी विभिन्न संस्थाहरुसँगको सहकार्यमा जलवायु नक्साङ्कन गरिनेछ।

१२३. वातावरण क्षेत्र प्रवर्द्धनको लागि बाल उद्यान एवम् हरियाली क्षेत्र विस्तारका लागि अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समेत सहकार्य गरिनेछ।

१२४. सम्पूर्ण नगरबासीहरुलाई वर्षा र बाढीको पूर्वजानकारी दिने प्रणालीको विकास गरिनेछ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### क. सुशासन

१२५. नगरपालिकाको "संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन" अनुसार स्वीकृत दरवन्दिको अधिनमा रहि नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

१२६. नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई थप प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडा सचिवहरु बीचको कार्यसम्पादन करार गरिनेछ। प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा वडा सचिवहरुसँग जिम्मेवारी अनुरुपको कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको विकास गरिनेछ।

१२७. नगरपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही बनाउदै भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अनुशरण गरिनेछ।

१२८. नगरपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकहरुलाई कार्यरत कर्मचारीहरुलाई अझ बढी उत्प्रेरित गरी कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि वृत्ति विकास, पदोन्नति, पुरस्कार र दण्ड सजायको व्यवस्था गरी प्रोत्साहित गर्न मापदण्डको आधारमा सम्मान, पुरस्कार तथा उत्प्रेरणाको उचित प्रबन्ध मिलाई कार्यान्वयन गरिनेछ।

१२९. नगरपालिकालाई अवैतनिक रुपमा सहयोग गर्न इच्छुक बिभिन्न विधामा ज्ञान, सीप, दक्षता, अनुभव भएका व्यक्तिहरूबाट नगरको क्षेत्रगत, विषयगत र समग्र विकासका लागि विभिन्न संघसंस्थाका नेतृत्वदायी पदमा रहनु भएका महानुभावहरु, विज्ञहरुबाट राय परामर्श लिने कार्यलाई उच्च प्राथमिकता दिईनेछ। यसको लागि विज्ञ समिति गठन गरी निरन्तर रुपमा पृष्ठपोषण लिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३०. नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूको योजना, कार्यक्रमहरूको प्रगतिको जानकारी एवम् भावी कार्ययोजनाको बारेमा नगरवासीहरूमा सूचना प्रवाह तथा जनगुनासोलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।

१३१. नगरपालिका क्षेत्रभित्रको शान्ति सुरक्षा, अनुगमन नियमनलाई प्रभावकारी बनाउन कानुन निर्माण गरी नगर प्रहरीको सेवा सञ्चालन गरिनेछ।

१३२. दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गरिनेछ।दिगो विकास लक्ष्य हाँसिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बिच अन्तर आवद्धता कायम गरिनेछ।

१३३. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, सामुदायिक तथा पर्ति जग्गाहरुको संरक्षणमा विशेष जोड दिइनेछ। नगरपालिकामा गठन भई क्रियाशिल रहेको सार्वजनिक जग्गा संरक्षण समितिको क्षमता विकास गरिनेछ।

**ख. सूचना, प्रविधि र सेवा प्रवाह**

१३४. आधुनिक जीवनको आधार, सूचना प्रविधि र संचार" लाई आत्मसाथ गर्दै नगरपालिकाको सम्पूर्ण अनलाईन सेवाहरुलाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरिनेछ ।

१३५. सूचना तथा सञ्चारको सुरक्षित प्रयोग गरी साईबर अपराधबाट बच्न सूचना तथा सञ्चार प्रविधि, साईबर सुरक्षा, विद्युतीय अपराध जस्ता विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. नगरका गतिविधीहरू नगरवासी समक्ष पुऱ्याउन नगर बुलेटिन/नगरको Website फेसबुक पेज मार्फत प्रकाशन गर्ने र SMS मार्फत लाभग्राहिलाई जानकारी दिने कार्यलाई निरन्तरता दिईनेछ ।

**ग. वित्तीय अनुशासन एवं आन्तरिक नियन्त्रण**

१३७. वित्तीय जोखिमका क्षेत्र पहिचान गरी त्यस्ता जोखिम न्युनीकरणका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गरी निरन्तरता दिईनेछ।

१३८. नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका कैफियतहरुलाई समयमा नै सुधार गरिनेछ ।

१३९. अघिल्ला आ.व. हरूको बेरुजु मध्ये नियमित गर्नुपर्नेलाई नियमित गरी असुल उपर गर्नुपर्ने खालको बेरुजु रकम सम्वन्धित व्यक्ति तथा संघ संस्थाहरूसँग असुल गरिनेछ। अन्तिम लेखापरीक्षणले औंल्याउने बेरुजु रकम शुन्य हुने गरी आर्थिक कारोवार तथा सोको लेखाङ्कन गर्न जोड दिइनेछ।

१४०. नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढ बनाई बजेटमा पर निर्भरता घटाउन कूल बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः बढाउदै लगिनेछ ।

१४१. सार्वजनिक खरिदमा प्रतिष्पर्धालाई प्रवर्द्धन गरिनेछ र रु. १० लाख भन्दा वढी लागत अनुमान भएका सम्पूर्ण विकास योजनाहरु विद्युतीय बोलपत्रका माध्यमबाट कार्यान्वयन गरिनेछ ।

१४२. आर्थिक अनुशासन कायम गर्नको लागि संघ र प्रदेशबाट जारी भएको ऐन, कानुनको कार्यान्वयन गर्दै त्यस्ता कानुनसँग सामन्जस्यता कायम हुने गरी स्थानीय कानुनहरु निर्माण गरी लागु गरिनेछ ।

**घ. कानुन तथा न्याय**

१४३. नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषयमा आवश्यकता र औचित्यताको आधारमा क्रमशः कानुन निर्माण गर्दै लगिनेछ।

१४४. १० बटा बडा तथा कार्यपालिकामा मेलमिलाप केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याइएकोमा निरन्तरता दिईनेछ।

१४५. नगरपालिकाको न्यायिक समितिबाट भएका निर्णय उपर चित्त नबुझी पुनरावेदन हुँदा निर्णय सदर भए नभएको विषयहरुको अध्ययन गरिनेछ। अध्ययनबाट प्राप्त पृष्ठपोषणका आधारमा न्याय निरुपण प्रकियालाई क्रमशः सुधार गर्दै लगिनेछ।

१४६. वडा तहमा स्थानीय बासिन्दालाई कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई कानुनी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**ङ. समन्वय तथा सहकार्यः**

१४७. विकास निर्माण तथा साझा हितका पूर्वाधार विकास एवम् जनमैत्री कार्यक्रमहरूमा संघ, प्रदेश, जिल्ला समन्वय समिति, अन्य स्थानीय सरकार तथा सरोकारवालाहरूसँग आवश्यक सहकार्य समन्वय तथा साझेदारी गर्नका लागि प्रत्येक चौमासिकमा समन्वय बैठक आयोजना गरिनेछ।

१४८. नगरपालिका भित्र रहेका बिभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अवधारणा अन्तर्गत सामाजिक कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गरिनेछ।

१४९. नगर क्षेत्रका युवा क्लब, संघसंस्था, टोल विकास संस्था, सामुदायिक संस्था, निकुञ्ज, सहकारी संस्था तथा नीजि क्षेत्रसँग नगरको विकासमा टेवा पुग्ने तथा दिगो विकासका लक्ष्य हासिल गर्न योगदान पुग्ने कुनै पनि आयोजना तथा कार्यक्रमहरूमा साझेदारीलाई प्राथमिकता दिईनेछ।

१५०. नगरपालिकाका वडाहरूमा क्रियाशील संघसंस्था, खानेपानी उपभोक्ता समिति एवम् अन्य उपभोक्ता समिति/समूहहरूले आफ्नो उद्देश्य अनुरूप विधिवत रूपमा कार्य गरे नगरेको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी संघसंस्था र उपभोक्ता समिति/समूहहरूलाई प्रभावकारी र जनउत्तरदायी बनाउन आवश्यक नियमन र समन्वयको व्यवस्था मिलाईनेछ।

अब म आर्थिक वर्ष २०८२/०८३ को अनुमानित राजश्व र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

## नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय विवरणः-

| आय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.न. | शीर्षक | स्रोत | रकम रू. (हजारमा) | अक्षेरूपी रू. |
| १ | वित्तीय समानीकरण अनुदान | संघीय सरकार | १९१५०० | उन्नाईस करोड पन्ध्र लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| ३ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनन्चालिस लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | १९८८८ | एक करोड अन्ठानब्बे लाख अठासी हजार |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८००००० | असी करोड |
| १० | राजस्व बाँडफाँड (मु.अ.कर. र अन्त शुल्क समेत) | संघीय सरकार | १२६९०० | बाह्र करोड उनान्सत्तरी लाख |
| ११ | राजस्व बाँडफाँड (सवारी साधन कर) | प्रदेश सरकार | ५२९२४ | पाँच करोड उनान्तिस लाख चौबिस हजार |
| १२ | आन्तरिक स्रोत | न.पा. | ५५७८६९ | पच्पन्न करोड अठहत्तर लाख उनान्सत्तरी हजार |
| १३ | जि.स.स. खानेपानी निर्माण अनुदान | जि.स.स. काठमाडौं | २०००० | दुई करोड |
| १४ | लागत सहभागिता | जनसहभागिता | ५००० | पचास लाख |
| १५ | अनुमानित बैंक मौज्दात | न.पा. | १००००० | दश करोड |
| **जम्मा** | | | **२३९७१६८** | **दुई अर्व उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार** |

# नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित व्यय विवरणः-

| व्यय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | स्रोत | रकम रू. (हजारमा) | अक्षेरूपी रू. |
| १ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| २ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनान्चालिस लाख |
| ३ | संघीय समपुरक अनुदान म्याचिङ्ग | न.पा. | १३५६०० | तेह्र करोड छपन्न लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ७ | प्रदेश समपुरक अनुदान म्याचिङ्ग | न.पा. | ७२००० | सात करोड बिस लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | चालु आ.व. बाट दायित्व सर्ने योजनाहरु | न.पा. | ५५०००० | पचपन्न करोड |
| १० | वडा सिलिङ्ग | न.पा. | १०५००० | दश करोड पचास लाख |
| ११ | विषयगत शाखाको सिलिङ्ग बजेट | न.पा. | १७२८०० | सत्र करोड अठाईस लाख |
| १२ | प्रशासनिक खर्च | न.पा. | ३३१३३० | तेत्तिस करोड तेह्र लाख तिस हजार |
| १३ | नगरस्तरीय योजना तथा कार्यक्रम | न.पा. | ५०२३५१ | पचास करोड तेईस लाख एकाउन्न हजार |
| १४ | लागत सहभागिता | न.पा. | ५००० | पचास लाख |
| **कुल जम्मा** | | | **२३९७१६८** | **दुई अर्व उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार** |

## नागार्जुन नगरपालिकाको आर्थिक विधेयक, २०८२

## नागार्जुन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकः

**(कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको मितिः- २०८२/०३/०८)**

**प्रस्तावनाः** नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,
नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम नागार्जुन नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

२) यो ऐन नागार्जुन नगरपालिका क्षेत्रमा सम्बत् २०८२ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **सम्पत्ति करः**

नगरपालिका क्षेत्र भित्र अनुसूची - १ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाईने र असुल गरिनेछ । भवनको मूल्याङ्कन दर, भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी अवधि अनुसूची - २ अनुसार गरिनेछ ।

३. **भुमि (मालपोत) करः**नगरपालिका क्षेत्र भित्र अनुसूची - ३ मा उल्लेख भए बमोजिम भुमि (मालपोत) कर लगाइने र असुल गरिनेछ ।

४. **घरबहाल करः** नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची - ४ मा उल्लेख भए बमोजिम घर बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची - ५ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ ।
आ.व. २०८२/८३ मा नगरपालिकाले स्थलगत रुपमा व्यवसाय दर्ता तथा नविकरण शिविर सञ्चालन गरी नियमानुसार नगरपालिका तथा वडा कार्यालयमा दर्ता नभएका सम्पूर्ण व्यवसायहरुलाई आ.व. २०८२/८३ लाई नै आधार वर्ष मानेर व्यवसाय दर्ता गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**

१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो जडिबुटी, वन कस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, छाला, प्वांख जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची — ६ मा उल्लेख भए बमोजिमको कर लगाईने र असुल गरिनेछ ।

२) कवाडी कर लगायतका राजस्व संकलन गर्दा उपत्यकाका स्थानीय तहहरुका साथै अन्य सेवा प्रदायकहरु सँगको सहकार्य प्रभावकारी हुने देखिएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी कवाडी करको दर निर्धारण गर्ने छ ।

७. **सवारी साधन करः** यस सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची — ७ मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ। साथै होर्डिङ्ग बोर्डको शुल्क व्यवसाय दर्ता तथा नवीकरण गर्दाका बखत अशुल गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्र भित्रको चलचित्र घर, ग्लास ब्रिज सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, बाटरगार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुटसल, बालउद्यान, नाईट क्लव, मसाज एवं स्पा, जीपलाईन, बन्जी जम्प, आकाशे सीसाको पुल, भ्यूटावर, स्वीमिङ्ग पुल, जुम्बा र पार्क जस्ता मनोरञ्जन स्थलमा प्रदेश सरकारको आर्थिक ऐनमा तोके बमोजिम कर लगाईने र असुल गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका सार्वजनिक ऐलानी, पर्ती, जग्गा वा भवन, हाट बजार, पसल र विशेष मेला पर्वमा बहाल बिटौरी शुल्क लगाउन सकिने स्थानहरुको लगत संकलन गरी प्रतिस्पर्धाको आधारमा शुल्क लगाइने छ र न्यूनतम करको निर्धारण प्रचलित कानुन बमोजिम हुनेछ।

११. **<u>सवारी साधन पार्किङ्ग शुल्कः</u>** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची - ८ मा उल्लेख भए बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ। साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले नगरपालिकाबाट नियामनुसार अनुमति लिएको हुनुपर्नेछ।

१२. **<u>ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्कः</u>** यस सम्बन्धि व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१३. **<u>सेवा शुल्क, दस्तुरः</u>** नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची - ९ मा उल्लेखित स्थानीय पूर्वाधार,फोहोरमैला संकलन तथा व्यवस्थापन र उपलब्ध गराइएको सेवामा सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ

१४. **<u>पर्यटन शुल्कः</u>** यस सम्बन्धि व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१५. **<u>जरिवानाः</u>** नागार्जुन नगरपालिका क्षेत्रभित्र निषेध गरिएको सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहोरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा अनुसूची-१० बमोजिम जरिवाना गरिने छ तर माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर, बहत्तरको हकमा प्रदेश कानुन अनुसार हुनेछ।

१६. **<u>कर छुटः</u>**

**यस नगरपालिका क्षेत्रभित्र करदाताहरुलाई देहाय बमोजिममको करमा कर छुट दिने व्यवस्था गरिएको छ ।**

१. यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संघ संस्थालाई कुनै पनि किसिमका कर छुट दिईने छैन।

२. व्यवसाय नविकरण सम्बन्धमाः यस भन्दा अगाडि नगरपालिकामा दर्ता भएका तर समयमा नविकरण नभएका व्यवसायहरुको हकमा आ.व. २०८२/८३ को कातिक मसान्त सम्म नविकरण गर्न आएमा २०८०/८१ सम्मको नविकरणमा लाग्ने जरिवानामा ५० प्रतिशतले हुन आउने रकम छुट दिईनेछ।

३. अपाङ्ग र अशक्तको हकमा उत्पादन मूलक उद्योग व्यवसाय दर्ता गर्न आएमा दर्ता शुल्कको ५० प्रतिशतले छुट दिईनेछ र महिलाको नाममा दर्ता हुने ५ लाख सम्म पुँजी भएका लघु, घरेलु तथा साना उत्पादन मुलक उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशतले छुट दिईनेछ।

४. करदाताहरुलाई आ.व. २०८२/८३ को कार्तिक मसान्त भित्र सम्पत्ति कर/मालपोत कर दाखिला गरेमा यस आ.व.मा लाग्ने सम्पत्ति करमा १० प्रतिशतले छुट दिईनेछ।

५. करदाताहरुलाई २०८२ कार्तिक मसान्त भित्र आ.व. २०८२/८३ मा वार्षिक रूपमा (आ.व. २०८२/८३ को) अग्रीम बहालकर तिर्ने करदातालाई एकमुष्ठमा २५ प्रतिशतले हुन आउने रकम छुट दिईनेछ।

६. निजी क्षेत्रले १०० जना भन्दा बढी कर्मचारीलाई रोजगार दिने कुनै कम्पनी, उद्योग, संघ, संस्थाहरुलाई सञ्चालन भएको वर्ष देखि २ वर्ष सम्म र २०० जना भन्दा बढी रोजगार दिने लाई ३ बर्ष सम्मको नगरपालिकाबाट लाग्ने सम्पूर्ण कर, दस्तुर र शुल्कमा छुट दिने दिईनेछ ।

७. वडा कार्यालय, नगर अस्पताल/स्वास्थ्य संस्था, सामुदायिक विद्यालय, सार्वजनिक पार्क, सामुदायिक भवनको नक्सा पास निःशुल्क गरिनेछ ।

१७. **<u>कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची — १
### (दफा २ सँग सम्बन्धित)
### सम्पत्ति करका दररेट

**नागार्जुन नगरपालिका क्षेत्रभित्र आ.व. २०८२/८३ मा लागु हुने सम्पत्ति करको स्वीकृत दररेट**

| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य | दर (%) | रकम (रू. मा) |
|---|---|---|---|
| १. | रू. ५० लाख सम्मको मूल्याङ्कनमा | ०.०२ | १,०००/- |
| २. | रू. ५० लाख १ देखि रू. १ करोड सम्मको मूल्याङ्कनमा | ०.०३ | १,५००/- |
| ३. | रू. १ करोड १ देखि रू. १ करोड ५० लाख सम्मको मूल्याङ्कनमा | ०.०७ | ३,५००/- |
| ४. | रू. १ करोड ५१ लाख १ देखि रू. २ करोड सम्मको मूल्याङ्कनमा | ०.१० | ५,०००/- |
| ५. | रू. २ करोड १ लाख १ देखि रू. ३ करोड सम्मको मूल्याङ्कनमा | ०.१७ | १७,०००/- |
| ६. | रू. ३ करोड १ लाख १ देखि रू. ४ करोड सम्मको मूल्याङ्कनमा | ०.२५ | २५,०००/- |
| ७. | रू. ४ करोड १ लाख १ देखि रू. ५ करोड सम्मको मूल्याङ्कनमा | ०.३० | ३०,०००/- |
| ८. | रू. ५ करोड १ लाख १ देखि रू. ७ करोड सम्मको मूल्याङ्कनमा | ०.३५ | ७०,०००/- |
| ९. | रू. ७ करोड १ लाख १ देखि रू. १० करोड सम्मको मूल्याङ्कनमा | ०.४० | १,२०,०००/- |
| १०. | रू. १० करोड भन्दा माथि | ०.५० | |

## अनुसूची — २

## (दफा २ सँग सम्बन्धित)

## भवनको मूल्याङ्कन दर, भवनको ह्रासकट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

घरको मूल्याङ्कनको बनौटको आधारमा भवनको मूल्याङ्कन दर देहाय बमोजिम कायम गरिएको छ । भवनको बनौट र ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछः

| क्र.सं. | घरको बनौट | औषत लागत दर(प्रति वर्गफुट) | प्रति वर्ष वर्गफुट ह्रास कट्टी (प्रतिशतमा) | घर, भवन भौतिक संरचनाको आयु |
|---|---|---|---|---|
| १. | भित्री बाहिरी काँचो ईट्टाले बनेको माटोको जोडाई भएका सबै किसिमका घर | रू. ३००/- | ४ प्रतिशत | १५ वर्ष |
| २. | भित्र काँचो बाहिर पक्की ईट्टा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर | रू. ४५०/- | ३ प्रतिशत | २५ वर्ष |
| ३. | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घरहरु | रू. ५२५/- | १ प्रतिशत | ३० वर्ष |
| ४. | प्रि-फ्याब भवन, गोदाम भवन | रू. १,५००/- | २ प्रतिशत | ३५ वर्ष |
| ५. | भित्र बाहिर पक्की ईट्टा वा ढुंगा वा ब्लकमा सिमेन्टको जोडमा भएका सबै किसिममा घरहरु | रू. ८००/- | १ प्रतिशत | ७० वर्ष |
| ६. | स्टील स्ट्रक्चर (ट्रस) भवन | रू. १,५००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |
| ७. | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घरहरु | रू. १,८००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |
| ८. | लिफ्ट सिष्टमका घरहरु | रू. २,२००/- | ०.७५ प्रतिशत | ७५ वर्ष |

- काँचो ईट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भुस छवाली, खर पराल र जस्ता वा टिनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन ।
- सम्पत्ति कर मूल्याङ्कन गर्दा घरले चर्चेको जग्गाको दोब्बर भुभागलाई जग्गाको मूल्याङ्कन गर्ने र बाँकी जग्गाको मालपोत कर लिने ।
- सम्पत्ति कर प्रयोजनको लागि मूल्य कायम गर्दा मालपोत कार्यालयले आ.व. २०८२/८३ को रजिष्ट्रेशनको लागि तोकीएको न्यूनतम दर बमोजिम गरिनेछ ।

**सम्पत्ति कर नलाग्नेः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद (९) नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गत दफा ५५ को सम्पत्ति कर सम्बन्धि व्यवस्थाको उपदफा ५ अनुसार यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गा सम्पत्तीकर नलाग्ने व्यवस्था भएता पनि यस नगरपालिकामा रहेका धार्मिक संस्था (मन्दिर,गुम्बा,मस्जिद,चर्च आदि ले सर्व साधारणबाट शुल्क उठाई व्यवसायीक आम्दानी गरेमा त्यस्ता धार्मिक संस्थाको घर र घरजग्गामा सम्पति कर लगाउने छ ।

- नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र घरजग्गा
- सरकारी अस्पतालको घर र घरजग्गा
- गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा

- मुनाफाको उद्देश्य नराखि सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संघसंस्थाको घर र घरजग्गा
- मुनाफाको उद्देश्य नराखि सञ्चालन भएका संघ संस्थाको घर र घरजग्गा
- धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि)को घर र घरजग्गा
- खानेपानी संकलन पोखरी, विद्युत गृह, मसानघाट, कब्रस्थान, कर्वल, मजार, बसपार्क, रंगशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु
- राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा

## अनुसूची — ३

**(दफा ३ सँग सम्बन्धित)**

**भूमिकर (मालपोत कर) दरहरु**

| क्र.सं. | दरका क्षेत्र / विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | भूमि (मालपोत) कर<br>(प्रति रोपनी) | १६०/- | बाँकी बक्यौता<br>पहिलो वर्ष ५ प्रतिशत<br>दोश्रो वर्ष १० प्रतिशत<br>तेश्रो वर्ष २० प्रतिशत<br>त्यसपछि प्रति वर्ष ५ प्रतिशतका दरले बढ्दै जानेछ । |

## अनुसूची — ४

**(दफा ४ सँग सम्बन्धित)**

**घर बहाल करका दररेट**

| क्र.सं. | करका क्षेत्र / विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | आवासीय घर बहाल रकमको | ४ प्रतिशत | |
| २. | व्यापारिक प्रयोजन, व्यवसायिक घर, संघ संस्था तथा अन्य प्रकृतिका व्यवसायमा घर बहाल रकमको | १० प्रतिशत | |
| ३. | कृषि, पशुपालन, उत्पादनमूलक उद्योग प्रयोजनका लागि जग्गा बहाल रकमको | ३ प्रतिशत | |

**न्युनतम भाडा रकम**

| क्र.सं. | क्षेत्र वर्गिकरण | व्यवसायिक प्रयोजन(प्रति सटर/कोठा मासिक) | आवासिय प्रयोजन (प्रति कोठा मासिक) |
|---|---|---|---|
| १ | रिङ्गरोड संग जोडिएका सडकको १०० मिटर वरपर (१०० वर्ग फुट सम्म) | रु.६,००० | रु.४,५०० |
| २ | रिङ्गरोड संग जोडिएका सडकको १०० मिटर वरपर (१०० वर्ग फुट भन्दा माथि) | रु.१०,००० | रु.५,००० |
| ३ | **रिङरोड बाहेक अन्य नगरपालिका भित्रका मूल सडकमा** (१०० वर्ग फुट सम्म) | रु.५,००० | रु.३,५०० |
| ४ | **रिङरोड बाहेक अन्य नगरपालिका भित्रका मूल सडकमा** (१०० वर्ग फुट भन्दा माथि) | रु.७,००० | रु.४,००० |
| ५ | **नगरपालिका भित्र मूल सडक बाहेक अन्य सहरी क्षेत्रका सहायक सडक संग जोडीएका सडकमा (१०० वर्ग फुट सम्म )** | रु.४,००० | रु.३,००० |
| ६ | **नगरपालिका भित्र मूल सडक बाहेक अन्य सहरी क्षेत्रका सहायक सडक संग जोडीएका सडकमा (१०० वर्ग फुट भन्दा माथि)** | रु.५,००० | रु.३,५०० |
| ७ | **वडा नं. ३ को हलचोक भन्दा माथी ,वडा नं. ६ को** मेन रोड (सितापाइला भिमढुङ्गा सडक बाहेक) अन्य स्थान ,वडा नं.७ र वडा नं. ८ मा | रु.३,००० | रु.२,५०० |

१. करदाताले आफ्नो घर बहालमा लगाएको भएमा बहाल सम्झौता पेश गर्नुपर्नेछ । साथै पेश भएको बहाल सम्झौतामा बहाल रकम माथि उल्लेख भए बमोजिम भन्दा कम बहाल रकम पेश हुन आएमा माथि उल्लेख भएको न्यूनतम भाडा रकमलाई आधार मानि बहाल कर निर्धारण गरिनेछ ।

२. कर दाखिला गर्ने दायित्व तथा जिम्मेवारी घरधनीको हुनेछ । सम्पति कर बुझाउन आउँदा बहार कर तिर्ने दायित्व भएका घर जग्गाधनीहरुबाट बहाल कर समेत असुल गरिनेछ ।

३. कुनै पनि व्यवसायीहरुले आफ्नो व्यवसाय रहेको घर, कोठाको बहाल कर भुक्तानी गर्दा उक्त व्यवसाय, फर्म, कम्पनीले लेखापरिक्षण गर्दाका बखत देखाईएको बहाल रकमका आधारमा बहाल कर चुक्ता गर्नुपर्नेछ ।

४. ६० वर्ग फुट भन्दा कम क्षेत्रफल भएको सटरको हकमा माथि उल्लेखित न्युनतम बहाल रकमको ६० प्रतिशतले हुने रकमले हिसाब गरिने छ । सो को लागि पुष्टयाई गर्ने कागजात अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

**नोटः**

आ.व. २०८२/८३ को श्रावण महिना देखि लागु हुने गरी घर बहाल सम्झौता पत्र वडा कार्यालयले प्रमाणित गरि अभिलेख राख्नेछ । घर बहाल सम्झौता प्रमाणित दस्तुर रु. १०० लाग्ने छ ।

## अनुसूची-५
## (दफा ५ सँग सम्बन्धित)
## <u>व्यवसाय करको दररेट</u>

१. व्यवसाय कर पुँजीगत लगानी, आर्थिक कारोवार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको दर यस प्रकार रहेकोछ ।

### क) व्यापारिक वस्तु

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा आयात कर्ता | | २०,००० | |
| २ | सुर्तिजन्य पदार्थ खरिद बिक्री | | २,००० | |
| ३ | सुर्तिजर्न्य पदार्थ आयात कर्ता | | १५,००० | |
| ४ | मदिरा डिलर | | १०,००० | |
| ५ | सुर्तिजन्य पदार्थ (डिलर) | | ८,००० | |
| ६ | मदिरा (खुद्रा पसल) | | ५,००० | |
| ७ | पान पसल | | १,५०० | |
| ८ | पुजा सामाग्री पसल | | २ ,००० | |
| ९ | पुजा सामाग्री पसल (धातुका वस्तु समेत विक्री हुने) | | ३,००० | |
| १० | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदी र पत्थरका सामाग्रीको खुद्रापसल (३०० वर्गफुट भन्दा बढी) | | १०,००० | |
| ११ | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदीका र पत्थरका सामाग्रीको खद्रा पसल (३०० वर्गफुट सम्म) | | ५,००० | |
| १२ | सुनचाँदी गहना बनाउने पसल (ज्यासल) | | २,००० | |
| १३ | हस्तकला तथा क्युरियो पसल (ठुलो) | | ५,००० | |
| १४ | हस्तकला तथा क्युरियो पसल (२०० वर्गफुटसम्म सानो) | | २,००० | |
| १५ | फुलमाला सजावट पसल | | ३,००० | |
| १६ | कम्प्युटर, मोबाइल, घडी, फिज, फोटोकपी, वासिग मेसिन जस्ता इलेक्ट्रोनिकल सामान विक्रि पसल | ब्रान्डेड सोरुम | ८,००० | |
| १७ | कम्प्युटर, मोबाइल, घडी, फिज, फोटोकपी, वासिंग मेसिन जस्ता इलेक्ट्रोनिकल सामान विक्रि पसल | | ५,००० | |
| १८ | कलर ल्याव सहितको फोटो स्टुडियो | | ३,००० | |
| १९ | फोटो स्टुडियो | | २,००० | |
| २० | फर्निचर तथा फर्निसिङ पसल | ब्रान्डेड सोरुम | १०,००० | |
| २१ | फर्निचर तथा फर्निसिङ पसल | | ४,००० | |
| २२ | वेल्डिडर ग्रील पसल (३०० वर्गफिट सम्म ) | | ३,००० | |
| २३ | वेल्डिङर ग्रील पसल (३०० वर्गफिट भन्दा बढी ) | | ४,००० | |
| २४ | ट्रस, आल्मोनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिट सम्म) | | ४,००० | |
| २५ | ट्रस, आलमोनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिट भन्दा बढी) | | ६,००० | |
| २६ | डिपार्टमेन्टल स्टोर (१०,००० व.फि. भन्दा बढि ) प्रति | | ३५,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| | स्टोर | | | |
| २७ | बिजनेस मार्ट (कम्प्लेक्स सेन्टर) (१०,००० व.फि. सम्म) | | ३०,००० | |
| २८ | मिनिमार्ट (४००० वर्ग फिट सम्म) | | १०,००० | |
| २९ | मिनिमार्ट (२००० वर्ग फिट सम्म) | | ८,००० | |
| ३० | मिनि मार्ट (१००० वर्ग फिट सम्म) | | ४,००० | |
| ३१ | तयारी सामान पसल (३०० वर्ग फीट भन्दा बढी) | कपड़ा जुत्ता फेन्सी आदी | ३,००० | |
| ३२ | तयारी सामान पसल (३०० वर्ग फिट सम्म) | कपड़ा जुत्ता फेन्सी आदी | २,००० | |
| ३३ | स्टील रड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकलु, जाली, किलाकाटा, रंङरोगन, एल्म्यूनियम,प्लाष्टिकका सबै खालको(Building Materials) खुद्राबिक्री (१५० व.फि. भन्दा माथि) | | ८,००० | |
| ३४ | स्टीलरड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्तापाता हार्डवयेर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकुल, जाली, किलाकाटा, रंङरोगन, एल्म्यूनियम, प्लाष्टीकका सबै खालको Building Materials खुदा बिक्री (१५० व.फि.सम्म) | | ५,००० | |
| ३५ | निर्माण सामाग्री (इटा, बालुवा, रोडा, बिक्री डिपो) | | १०,००० | |
| ३६ | निर्माण सामाग्री (इटा, बालुवा, रोडा) बिक्री सम्पर्क कार्यालय | स्टक नराखेको | २,००० | |
| ३७ | स्यानिटरी सामान, बाथरूम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल खुद्रा बिक्री ( ३०० वर्ग फिट भन्दा बढी) | | ५,००० | |
| ३८ | स्यानिटरी सामान बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल खुद्रा बिक्री ( ३०० वर्ग फिट सम्म) | | ३,००० | |
| ३९ | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) बिक्री गर्ने खुद्रा पसल (३०० व. फि.भन्दा बढी) | | ५,००० | |
| ४० | बिजुलीको तार, बिजुलीका सामान ( Electrical Fixtures) बिक्री गर्ने खुद्रा पसल (३०० व.फि. सम्म) | | ३,००० | |
| ४१ | सवारी साधनको पाटपुर्जा, टायरट्युब हेलमेट आदी खुद्रा बिकी ( ५०० वर्ग फिटसम्म ) | | ३,००० | |
| ४२ | सवारी साधनको पाटपुर्जा, टायरटुब खुद्रा बिकी (५०० वर्ग.फिटभन्दा बढी) | | ५,००० | |
| ४३ | मोटर / कार बिकी सोरुम | | २०,००० | |
| ४४ | रिकन्डिसन चार पांग्रे सवारी साधन विक्री कक्ष | | १५,००० | |
| ४५ | मोटरसाइकल बिक्री सोरुम | | १५,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ४६ | बिद्युतीय सवारी साधन बिकी सोरुम (बस, कार,मोटरसाईकल) | | २५,००० | |
| ४७ | रिकन्डीसन मोटरसाइकल खरिद बिक्री | | १०,००० | |
| ४८ | साइकल बिक्री सोरुम | | ३,००० | |
| ४९ | पेट्रोल / डिजल पम्प | प्रति डिस्पेन्सर | २०,००० | |
| ५० | मट्टितेल पम्प वा वितरक | | ३,००० | |
| ५१ | ग्यास विक्री पसल थोक | | ७,००० | |
| ५२ | ग्यास विक्री पसल खुद्रा | | २,००० | |
| ५३ | विद्युतीय सवारी साधन चार्जिङ सेन्टर | | ३,००० | |
| ५४ | श्रृंगार पसल - कस्मेटीक खुद्रा | | २,००० | |
| ५५ | चुरापोते रिवन पसल खुद्रा विक्रेता | | १,५०० | |
| ५६ | कस्मेटिक सामानको थोक विक्रता | | ३,००० | |
| ५७ | साडी, कुर्ता सुरुवाल कपडा, ऊन पसल खुद्रा विक्रेता बुटिक समेत(१५० ब. फी भन्दा माथि) | | ५,००० | |
| ५८ | साधारण साडी, कुर्ता सुरुवाल कपडा, ऊन पसल खुद्रा विक्रेता (१५० ब. फी. सम्म) | | १,५०० | |
| ५९ | स्टील, आलमोनियम, प्लास्टीक, तामा, पितल, भाडाकुँडा (इलक्ट्रीकल वाहेक) आदि खुद्रा बिक्री | | ३,००० | |
| ६० | सियो, धागो, टाँक, इमब्रोडरी का सामान, सर्टिङ सुटिङका सामानहरु - कपडा बाहेक ) बिक्री पसल | | १,५०० | |
| ६१ | एकोरियम बिक्री पसल | | ५,००० | |
| ६२ | खेलकुद, म्यूजिकल सामान बिक्री पसल | | ५,००० | |
| ६३ | पुस्तक, स्टेशनरी सामान तथा पत्रपत्रिकाको खुद्रा विक्रेता | | १,५०० | |
| ६४ | स्टेशनरी सामान थोक विक्रेता | | ५,००० | |
| ६५ | चस्मा पसल | | ३,००० | |
| ६६ | कपडा एण्ड फाईबर स्टोर्स | | ५,००० | |
| ६७ | लुगा सिउने मेसिन बिक्री गर्ने पसल | | ३,००० | |
| ६८ | विभिन्न किसिमका मेसिन विक्रि गर्ने पसल | | १०,००० | |
| ६९ | जुत्ता, चप्पल पसल थोक विक्रेता | | १०,००० | |
| ७० | जुत्ता, चप्पल पसल खुद्रा विक्रेता | | ३,००० | |
| ७१ | रंगरोगन डेकोरेट सेवा | | ३,००० | |
| ७२ | गिफ्ट / खेलौना पसल खुद्रा | | १,००० | |
| ७३ | Wall Paper संग सम्वन्धित व्यवसाय | | १,५०० | |
| ७४ | फल्स सिलिङ्ग तथा कार्नेस पसल | | ५,००० | |
| ७५ | सिसा पसल | | ५,००० | |
| ७६ | प्लास्टिक सामाग्रीको पसल | | ५,००० | |
| ७७ | स्टल राखी व्यापार व्यवसाय प्रति स्टल | प्रति दिन | २०० | |
| ७८ | व्यापार मेला, महोत्सव कार्यक्रम स्वीकृत | प्रति दिन | ३,००० | |
| ७९ | चटपटे पसल | | १,००० | |
| ८० | दुनोट पसल | | १,५०० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ८१ | चियापत्ती प्याकिङ्ग | | २,००० | |
| ८२ | पाउँ पसल | | १,५०० | |
| ८३ | साईनबोड बनाउने पसल | | १,५०० | |

**ख. विशेषज्ञ परामर्श सेवा**

| शीर्षक नं | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | बिदेशी अनुसन्धानकर्ता तथा परामर्शदाता कन्सल्टेन्सी) सल्लाहकार संस्था | | ५०,००० | |
| २ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी) १ करोड भन्दा माथि पूँजि भएको | | १०,००० | |
| ३ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी) १ करोड सम्मको माथि पूँजि भएको | | ७,००० | |
| ४ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्टेन्सी) २५ लाख सम्को पूँजि भएको | | ३,००० | |
| ५ | अनुसन्धानकर्ता तथा परामर्शदाता सल्लाहकार व्यक्ति | | ३,००० | |
| ६ | ज्योतिष परामर्श सेवा | | ३,००० | |
| ७ | चिकित्सकको क्लिनिक | | १०,००० | |
| ८ | कविराजको क्लिनिक | | ५,००० | |
| ९ | इन्जिनियरिङ्ग(नक्सा बनाउने) कन्सल्टेन्सी (व्यक्तिगत) सुचीकृत | नगरपालिकामा | १५,००० | |
| १० | इन्जिनियरिङ्ग (नक्सा बनाउने) कन्सल्टेन्सी संस्थागत/व्यवसायिक सुचीकृत | नगरपालिकामा | २०,००० | |
| ११ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म/कम्पनी | वडा कार्यालयमा दर्ता | ५,००० | |
| १२ | वैदेशिक रोजगार मेनपावर | | २०,००० | |
| १३ | वैदेशिक शिक्षा परामर्श सेवा | | १०,००० | |
| १४ | शैक्षिक परामर्श सेवा/ अन्य परामर्श सेवा | | ४,००० | |
| १५ | कानून व्यवसायीको ल फर्म, अनुवादक/नोटरी पब्लिक | | ३,००० | |
| १६ | कानून व्यवसायीको ल फर्म (वरिष्ठ अधिवक्ता भएको) | | ५,००० | |
| १७ | लेखापढी फर्म | | २,००० | |
| १८ | लेखापरीक्षकको फर्म (क वर्ग) | | १०,००० | |
| १९ | लेखापरीक्षकको फर्म (ख वर्ग) | | ८,००० | |
| २० | लेखापरीक्षकको फर्म (ग वर्ग) | | ५,००० | |
| २१ | लेखापरीक्षकको फर्म (घ वर्ग) | | ३,००० | |
| २२ | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | | १०,००० | |
| २३ | बीमा एजेन्ट फर्म | | ३,००० | |
| २४ | सर्भेयर फर्म | | १०,००० | |
| २५ | सेयर ब्रोकरको फर्म/कम्पनी | | २०,००० | |

| शीर्षक नं | व्यवसायको प्रकृति | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| २६ | कृषि परामर्श सेवा | | १,००० | |
| २७ | केयर गिभर टेनिङ एण्ड रिसर्च सेन्टर | | ५,००० | |
| २८ | पानी प्रशोधन सेवा | | १०,००० | |
| २९ | भन्सार एजेन्ट | | ५,००० | |
| ३० | अन्तराष्ट्रिय गैर सरकारी संस्था सुचीकृत | | २,००० | |
| ३१ | स्वदेशी संस्था सुचीकृत | | ५,०० | |
| ३२ | टोल विकास संस्था/ महिला, आमा समूह/युवा क्लव | | १,००० | नविकरण विलम्ब शुल्क प्रति बर्ष रु. २५० |
| ३३ | संस्था दर्ता (नाफामुखी) | | २,००० | |
| ३४ | संस्था दर्ता (गैर नाफामुखी) | | १,००० | |
| ३५ | कृषक समूह दर्ता | | १,००० | |
| ३६ | कृषक समूह/पशु पंन्छी फर्म सुचिकृत | | ५,०० | |

**ग) उत्पादनमूलक व्यवसाय तथा उद्योग**

| शीर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | हलुका पेय पदार्थ उद्योग (कोकाकोला, पेप्सीकोला, फ्रुटी आदि) | घरेलुमा दर्ता भएका | ५०,००० | |
| २ | हलुका पेय पदार्थ घरेलु उद्योग/सोडा आदि | | २,००० | |
| ३ | डिस्टिलरी उद्योग | | ५०,००० | |
| ४ | रजिष्टर्ड अफिस मात्र भएको उद्योग/ व्यवसाय ( अफिस प्रयोजन ) | | ३,००० | |
| ५ | विभिन्न निर्यात योग्य वस्तु तथा व्यवसाय | | ५,००० | |
| ६ | विभिन्न आयात योग्य वस्तु तथा व्यवसाय | | १०,००० | |
| ७ | विभिन्न किसिमका बस्तुहरुको आयात निर्यात गर्ने व्यवसाय | | १५,००० | |
| ८ | चलचित्र निर्माण कम्पनी | | १५,००० | |
| ९ | चलचित्र वितरक कम्पनी | | ५,००० | |
| १० | रेगुलेटर ग्यास उद्योग | | ५,००० | |
| ११ | आइसक्रिम उद्योग ठुलो (३ किलोबाट भन्दा माथि) | | १०,००० | |
| १२ | आइसक्रिम/कुल्फी उद्योग घरेलु (३ किलोबाट सम्म) | | २,००० | |
| १३ | विस्कुट, पाउरोटी, केक उद्योग(बेकरी उद्योग ) ब्राण्डेड | | १०,००० | |
| १४ | विस्कुट, पाउरोटी, केक (बेकरी उद्योग) घरेलु उद्योग | | ५,००० | |
| १५ | डेरी उद्योग (प्याकेज्ड) | | १०,००० | |
| १६ | कुटानी पिसानी मिल (मसला समेत) | | ५,००० | |
| १७ | डेरी पसल (उद्योग) (नन प्याकेज्ड) | | ३,००० | |
| १८ | जुत्ता, चप्पल उद्योग ब्राण्डेड | | १२,००० | |
| १९ | जुत्ता, चप्पल उद्योग घरेलु | | २,००० | |
| २० | व्याग, बेल्ट, पर्स आदि उत्पादन उद्योग | | ५,००० | |

| शीर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| २१ | दाना उद्योग | | २५,००० | |
| २२ | खाद्यान्न उद्योग (५ किलोबाट भन्दा माथि) | | १०,००० | |
| २३ | खाद्यान्न उद्योग (५ किलोबाट सम्म) | | ५,००० | |
| २४ | कापी किताब तथा मुद्रण उद्योग (१२ किलोबाट भन्दा माथि) | | १२,००० | |
| २५ | कापी किताब तथा मुद्रण उद्योग (३ भन्दा माथि १२ किलोबाट सम्म) | | ८,००० | |
| २६ | कापी तथा स्क्रीन प्रिन्ट उद्योग(३ किलोबाट सम्म) | | २,००० | |
| २७ | मिनरल बाटर उद्योग जार समेत पानी उद्योग | | २०,००० | |
| २८ | बोटल, जार र टयाङ्करको पानी समेत विक्रि गर्ने पानी उद्योग | | ५०,००० | |
| २९ | सिरक, डसेना, कुसन बनाउने | | ५,००० | |
| ३० | हर्बल इन्ड्रस्टिज | | २,००० | |
| ३१ | बैकल्पिक ऊर्जा उत्पादन उद्योग/सोलार प्यानल तथा सोको उपकरण निर्माण उद्योग | | ५,००० | |
| ३२ | सडक पुल, रोपवे, रेलवे, टनले, फलाईड वृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसाय | | ५०,००० | |
| ३३ | आस्फाल्ट प्लान्ट, सिमेन्ट रेडिमिक्स प्लान्ट, वालुवा वासिङ, ह्युमपाइप उद्योग | प्रति आना | १,००० | |
| ३४ | कन्क्रीट उद्योग (ब्लक, रिङ बनाउने) | प्रति आना | ५०० | |
| ३५ | जलविद्युत कम्पनीको कार्यालय | | १०,००० | |
| ३६ | बैकल्पिक ऊर्जा उत्पादन गर्ने कम्पनीका कार्यालय | | ३,००० | |
| ३७ | टिस्यु पेपर उत्पादन उद्योग | | २,००० | |
| ३८ | काठ सःमिल ठुलो (५ किलोबाट भन्दा माथि) | | १२,००० | |
| ३९ | काठ सःमिल (५ किलोबाट सम्म) | | ७,००० | |
| ४० | सबै प्रकारका फनिचर उद्योग (५ किलोबाट सम्म) | ब्राण्डेड | १२,००० | |
| ४१ | सबै प्रकारका फर्निचर उद्योग (३ किलोबाट भन्दा माथि) | | ८,००० | |
| ४२ | सबै प्रकारका फर्निचर उद्योग (३ किलोबाट सम्म) | | ५,००० | |
| ४३ | झ्याल ढोका कार्भिङ उद्योग | | १०,००० | |
| ४४ | बेत बाँस फर्निचर उद्योग | | २,००० | |
| ४५ | नेपाली कागज तथा हाते कागज उद्योग | | २,००० | |
| ४६ | नेपाली जडिबुटी उद्योग | | २,००० | |
| ४७ | चल्ला उत्पादन गर्ने उद्योग (ह्याचरी उद्योग ) | | १०,००० | |
| ४८ | साना घरेलु उद्योग (अचार, मस्यौरा, गुन्द्रुक लगायतका) | | ३,००० | |
| ४९ | श्रब्यदृश्य सामाग्री निर्माण तथा वितरण | | ३,००० | |
| ५० | सुर्ति कारखाना | | ५०,००० | |
| ५१ | चकलेट कारखाना | | १०,००० | |

| शीर्षक नं | व्यवसायको नाम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| ५२ | भाडा कारखाना (घरेलु) | | ५,००० | |
| ५३ | भाडा कारखाना (आधुनिक ) | | १०,००० | |
| ५४ | फुरनदाना/दालमोट कारखाना | | १०,००० | |
| ५५ | फुरनदाना/दालमोट साना घरेलु फर्म | | ३,००० | |
| ५६ | पेन्सिल उद्योग | | २,००० | |
| ५७ | जारको बिर्को बनाउने उद्योग | | ५,००० | |
| ५८ | हस्तकला मूर्ति उद्योग | | २,००० | |
| ५९ | पेपर रिसाइकल/प्याकेजिङ | | ३,००० | |
| ६० | वातावरण मैत्री हाते झोला उद्योग | | २,००० | |
| ६१ | झोला बनाउने उद्योग | | ५,००० | |
| ६२ | गार्मेन्ट उद्योग साना (तयारी पोशाक उत्पादन) १० वटा मेशिन सम्म | | ७,००० | |
| ६३ | गार्मेन्ट उद्योग ठुला (तयारी पोशाक उत्पादन) १० वटा भन्दा बढी मेशिन भएको | | १०,००० | |
| ६४ | ढाका/पश्मिना/गलैचा उद्योग | | १०,००० | |
| ६५ | कपडा पेल्ने उद्योग (पुराना कपडाबाट कपास तयार गर्ने ) | | ५,००० | |
| ६६ | अन्य घरेलु तथा साना लघु उद्योग | | २,००० | |
| ६७ | प्लाष्टिक जन्य सामाग्री उत्पादन उद्योग | | ५,००० | |
| ६८ | मूर्ति कारखाना | | ५,००० | |

**घ. कृषि तथा खाद्यान्न र खानेपानी**

| शीर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | किराना पसल(होलसेल) | | ५,००० | |
| २ | किराना पसल (खुद्रा) | | २,००० | |
| ३ | खाद्यान्न पसल (थोक) | | ५,००० | |
| ४ | खाद्यान्न पसल (खुद्रा) | | ३,००० | |
| ५ | मौरी पालन व्यवसाय | | २,००० | |
| ६ | कुखुराको चल्ला बिक्रि | | ३,००० | |
| ७ | फलफुल, जुस तथा तरकारी पसल (खुद्रा) | | २,००० | |
| ८ | फलफुल तथा तरकारी पसल (थोक) | | ३,००० | |
| ९ | फलफुल र विरुवा विक्रेता (नर्सरी) | | २,००० | |
| १० | पुष्प व्यवसाय | | २,००० | |
| ११ | माछा/मासु अण्डा खुद्रा विक्रेता (मासु पसल) | | ३,००० | |
| १२ | माछा/ मासु अण्डा थोक विक्रेता | | ६,००० | |
| १३ | प्रशोधित मासु जन्य विक्री व्यवसाय | | ५,००० | |
| १४ | मिट मार्ट | | ५,००० | |
| १५ | तरकारी खेती/अन्य कृषिजन्य कार्य गर्ने व्यवसाय | | २,००० | |
| १६ | पशुपक्षीं पालन/गाई/भैसी/भेडा/बाख्रा /हाँस | | ३,००० | |

| शीर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| | /कुखुरा/ बङ्गुर पालन व्यवसाय | | | |
| १७ | पेट शप (घरपालुवा पशुपंक्षीको दाना / आहारा विक्री) थोक | | ७,००० | |
| १८ | पेट शप (घरपालुवा पशुपंक्षीको दाना / आहारा विक्री) खुद्रा | | ३,००० | |
| १९ | कुकुर प्रजनन केन्द्र (डग ब्रीडीङ्ग फर्म) | | ५,००० | |
| २० | पशु बधशाला | | ६,००० | |
| २१ | एग्रो (तरकारीको विउ विजन खरिद बिक्री गर्ने) | | २,००० | |
| २२ | रासायनिक मल, दाना, बीउ पसल | | ५,००० | |
| २३ | दैनिक उपभोग्य सामाग्री सप्लायर्स | | ४,००० | |
| २४ | खानेपानी उपभोक्ता समिति (१०० घर धुरी सम्म ग्राहक भएको) | | ५,००० | |
| २५ | खानेपानी उपभोक्ता समिति (१०० देखि २०० घर धुरी सम्म ग्राहक भएको) | | १०,००० | |
| २६ | खानेपानी उपभोक्ता समिति (२०१ देखि ३०० घर धुरी सम्म ग्राहक भएको) | | १२,००० | |
| २७ | खानेपानी उपभोक्ता समिति (३०१ देखि ५०० घर धुरी सम्म ग्राहक भएको) | | १५,००० | |
| २८ | खानेपानी उपभोक्ता समिति (५०१ देखि ६०० घर धुरी सम्म ग्राहक भएको) | | १८,००० | |
| २९ | खानेपानी उपभोक्ता समिति (६०० भन्दा माथि घर धुरी ग्राहक भएको) | | २०,००० | |

**ङ. होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय**

| शीर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | पाँचतारे होटल | | १,००,००० | |
| २ | चारतारे होटल | | ८०,००० | |
| ३ | तिनतारे होटल | | ६०,००० | |
| ४ | दुइतारे होटल | | ४०,००० | |
| ५ | एकतारे होटल | | २०,००० | |
| ६ | भिल्ला | | २०,००० | |
| ७ | चलचित्र प्रदर्शनी घर (सिनेमा हल) | | १२,००० | |
| ८ | साधारण होटल, लज, गेष्टहाउस | | १०,००० | |
| ९ | होमस्टे (१० वेड सम्म) | | १०,००० | |
| १० | होमस्टे (११ देखि २० वेड सम्म) | | १२,००० | |
| ११ | होमस्टे (२० वेड भन्दा माथि) | | १५,००० | |
| १२ | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी वाहेक) | | १०,००० | |
| १३ | रेष्टुरेन्ट एण्ड बार (डान्स, दोहोरी सहित) | | २०,००० | |
| १४ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट (१००० व. फी. | प्रति आउटलेट | १०,००० | |

| शीर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| | भन्दा माथि) | | | |
| १५ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट ठुलो (४०० भन्दा माथि १००० व. फी. सम्म) | प्रति आउटलेट | ५,००० | |
| १६ | क्याफे, फास्टफुड, रेष्टुरेन्ट साना ( ४०० व. फी. सम्म) | प्रति आउटलेट | ३,००० | |
| १७ | रिसोर्ट साना ( ४०० व. फी. सम्म) | प्रति आउटलेट | ५,००० | |
| १८ | रिसोर्ट ठुला ( ४०० व. फी. भन्दा माथि) | प्रति आउटलेट | ८,००० | |
| १९ | ठुला प्रकारका रेष्टुरेन्ट (फ्रेन्चाइ लिइ सञ्चालित) | | १५,००० | |
| २० | मिठाइ/बेकरी पसल (४०० व.फी भन्दा माथि) | प्रति आउटलेट | ८,००० | |
| २१ | मिठाइ/बेकरी पसल (४०० व.फी. सम्म) | | ५,००० | |
| २२ | मिठाई पसल/बेकरी (२०० व.फी. सम्म) | | २,००० | |
| २३ | चिया खाजा पसल | | १,५०० | |
| २४ | ट्राभल र ट्रेकिङ एजेन्सी (२५ लाख सम्म चुक्ता पूंजी) | | ५,००० | |
| २५ | ट्राभल र ट्रेकिङ एजेन्सी (५० लाख सम्म चुक्ता पूंजी) | | १०,००० | |
| २६ | ट्राभल र ट्रेकिङ एजेन्सी (५० लाखभन्दा बढी चुक्ता पूंजी) | | १५,००० | |
| २७ | स्नुकर (५ वटा भन्दा कम स्नुकर बोर्ड भएकोमा) | | ५,००० | |
| २८ | स्नुकर(५ वटा भन्दा बढी स्नुकर बोर्ड भएकोमा) | | १०,००० | |
| २९ | रिक्रियसन खेल (गल्फकोर्स, अश्वारोहण, स्किइङ, ग्लाइडिङ, प्याराग्लाइडिङ, पोलो, फुटसल, बास्केट बल, स्वीमिङ पुल, टेनिस, इ-स्पोर्ट, आइस्स्केट लगायत आदि) | | २०,००० | प्रचलित कानुन विपरित हुन नहुने शर्तमा मात्र स्वीकृति प्राप्त हुनेछ । |
| ३० | स्केटिङ | | ५,००० | |
| ३१ | इनडोर गेम/ स्काईवाक/ स्वीङ / टावर | | २५,००० | |
| ३२ | मसाजपार्लर, स्पा, ज्याकुजी, सौनावाथ | | १५,००० | |
| ३३ | पर्यटकीय रिकियसन खेल (गल्फर्कोस, राफटीङ, सफारी, अश्वारोहण, स्किइङ, ग्लाइडिङ, बाटरर्‍याफटिङ्ग पोनीट्रेकिङ्ग, प्याराग्लाइडिङ, पोलो, बन्जीजम्प, केवलकार, रिसोर्ट, होटल आदि) को सम्पर्क कार्यालय | | ५,००० | |
| ३४ | हस्तकलाका सामान उत्पादन ब्यवसाय | | ३,००० | |
| ३५ | क्यासिनो | | ३,००,००० | |
| ३६ | मिनि क्यासिनो | | २५,००० | |

| शीर्षक नं | व्यवसाय | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| ३७ | ट्रेकिङ सामान पसल | | ७,००० | |
| ३८ | डिस्कोथेक, नाइट क्लब | | २५,००० | |
| ३९ | विविध मनोरञ्जन सेवा प्रदान गर्ने व्यवसाय | | ५,००० | |
| ४० | थान्का पसल | | ५,००० | |
| ४१ | बैदेशिक रोजगार सम्पर्क कार्यालय | | २५,००० | |
| ४२ | डान्स ट्रेनिङ्ग सेन्टर | | ५,००० | |
| ४३ | जुम्बा डान्स सेन्टर | | ५,००० | |
| ४४ | संगित सम्वन्धी सेवा प्रदान गर्ने व्यवसाय | | ५,००० | |
| ४५ | होस्टेल (५० जना सम्मको) | | ३,००० | |
| ४६ | होस्टेल (५० जना भन्दा बढी ) | | ५,००० | |
| ४७ | मेकअप स्टुडियो | | ५,००० | |
| ४८ | ट्याटु हाउस | | ५,००० | |
| ४९ | फन पार्क (पाँच रोपनी सम्म क्षेत्रफल भएको) | | २०,००० | |
| ५० | फन पार्क (दश रोपनी सम्म क्षेत्रफलमा फैलिएको) | | ३०,००० | |
| ५१ | फन पार्क (दश रोपनी भन्दा बढी क्षेत्रफलमा फैलिएको) | | ५०,००० | |

**च. संचार सेवा व्यवसाय**

| शीर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | १०००० सम्म ग्राहक भएको केवल टी. भी., डिसहोम टी.भी. इन्टरनेट सेवा | | २०,००० | |
| २ | १०००० भन्दा माथि बढी ग्राहक भएको केवल टी. भी., डिसहोम टी. भी., इन्टरनेट सेवा | | ४०,००० | |
| ३ | टेलिकम, मोबाइल सेवा प्रदायक कम्पनी | | ५०,००० | |
| ४ | टेलिकम, मोबाइल सेवा प्रदायक कम्पनी (शाखा) | | २५,००० | |
| ५ | कुरियर सेवा (कार्यक्षेत्र देश भित्र) | | ५,००० | |
| ६ | कुरियर सेवा (कार्यक्षेत्र देश बाहिर समेत | | २५,००० | |
| ७ | फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडी, एसटीडी, इन्टरनेट मर्मत सेवा, सेक्रेटरीयल सेवा | | २,००० | |
| ८ | टेलिभिजन प्रशारण कम्पनी | | ५,००० | |
| ९ | एफ.एम. स्टेशन | | १,००० | |
| १० | अनलाइन सेवा व्यवसाय | | २,००० | |
| ११ | अनलाइन न्युज | | ३,००० | |
| १२ | राष्ट्रिय पत्रिका | | २,००० | |
| १३ | स्थानीय पत्रिका, अनलाईन खवर | | १,००० | |
| १४ | साइबर क्याफे | | २,००० | |
| १५ | छापाखाना (प्रेस)५० लाख सम्म पूँजि भएको | | ५,००० | |
| १६ | छापाखाना(प्रेस) ५० लाख माथि पूँजि भएको | | १०,००० | |

## छ. वित्तीय सेवा व्यवसाय

| शीर्षक नं | कार्यक्रम | व्याख्या | दर्ता दस्तुर (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक (केन्द्रीय कार्यालय) | | ६०,००० | |
| २ | वाणिज्य बैंक (शाखा कार्यालय) | प्रति शाखा | ३५,००० | |
| ३ | बिस्तारित काउण्टर | | २०,००० | |
| ४ | विकास बैंक (केन्द्रीय कार्यालय ) | | ४०,००० | |
| ५ | विकास बैंक (शाखा कार्यालय) | प्रति शाखा | २०,००० | |
| ६ | बिस्तारित काउण्टर | | १५,००० | |
| ७ | फाइनान्स कम्पनी (केन्द्रीय कार्यालय) | | २०,००० | |
| ८ | फाइनान्स कम्पनी (शाखा कार्यालय) | प्रति शाखा | १५,००० | |
| ९ | सहकारी बैंक केन्द्रीय कार्यालय | | १०,००० | |
| १० | सहकारी बैंक शाखा कार्यालय | | ५,००० | |
| ११ | लघु वित्त कम्पनी केन्द्रीय कार्यालय | | १५,००० | |
| १२ | लघु वित्त कम्पनी शाखा कार्यालय | | १०,००० | |
| १३ | वित्तीय संस्था/सहकारी संस्था | | १५,००० | |
| १४ | महिला, उत्पादन, उपभोक्ता र श्रममा आधारीत सहकारी संस्था | | १,००० | |
| १५ | सहकारी संस्थाको शाखा, सम्पर्क कार्यालय | प्रति एकाई | ३,००० | |
| १६ | सहकारी संस्थाको सेवा केन्द्र | | १,००० | |
| १७ | मनी एक्सचेंज कम्पनी केन्द्र | | १५,००० | |
| १८ | मनी एक्सचेंज काउन्टर, शाखा | | ५,००० | |
| १९ | रेमिट कम्पनी | प्रति एकाई | ४,००० | |
| २० | बीमा कम्पनी (केन्द्रीय कार्यालय ) | | २०,००० | |
| २१ | बीमा कम्पनी (शाखा कार्यालय ) | प्रति शाखा | १०,००० | |
| २२ | आर्थिक कारोवार (शेयर कारोवार वा अन्य आर्थिक कारोवार ) गर्ने इन्भेस्टमेण्ट कम्पनी | | १०,००० | |
| २३ | शेयर रजिष्टर गर्ने कार्यालय (सेक्युरिटिज कम्पनी) | | २५,००० | |
| २४ | सहकारी विधान संशोधन | | १,००० | |
| २५ | कार्य क्षेत्र विस्तार | | १,५०० | |
| २६ | सहकारी प्रतिवेदन दर्ता शुल्क | | २०० | |

- सहकारी संस्थाहरूले पेश गर्नुपर्ने मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र पेश नगरेमा प्रति महिना रू.१,००० को दरले जरिवाना लाग्नेछ ।
- सहकारी संस्थाले प्रत्येक आ.व. को पौष मसान्त भित्र वार्षिक साधारणसभा सम्पन्न गरी माघ १५ गते भित्र साधारण सभाबाट पारित भएको लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन नबुझाएमा प्रत्येक वर्ष रू.२,००० को दरले जरिवाना लाग्नेछ ।
- लेखापरीक्षकको नियुक्तिको जानकारी तोकिएको समयभित्र पेश नगरेमा रू.१,५०० को दरले जरिवाना लाग्नेछ ।

## ज. स्वास्थ्य सेवा व्यवसाय

| शीर्षक नं | कार्यक्रम | व्याख्या | रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | निजी क्षेत्र द्वारा सञ्चालित अस्पताल तथा रिसर्च सेन्टर | | | |

| शीर्षक नं | कार्यक्रम | व्याख्या | रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| | केन्द्र | | | |
| | १५ शैया सम्मको अस्पताल | | २५,००० | |
| | ४० शैया सम्मको अस्पताल | | ४०,००० | |
| | ४० शैया भन्दा माथिको अस्पताल | | ६०,००० | |
| २ | निजीक्षेत्र द्वारा सञ्चालित अस्पताल तथा रिसर्च सेन्टरको शाखा | | २५,००० | |
| ३ | नर्सिङ होम | | ४०,००० | |
| ४ | पोलिक्लिनिक, डाइग्नोस्टिक सेन्टर (एक्सरे, एम. आर. आइ., ल्याब, सिटीस्क्यान आदि भएको ) | | २५,०००/- | |
| ५ | पोलिक्लिनिक, डाइग्नोस्टिक सेन्टर (एक्सरे र ल्याव ) | | १५,००० | |
| ६ | पोलिक्लिनिक, डाइग्नोस्टिक सेन्टर | | १०,००० | |
| ७ | डेन्टल क्लिनिक/आइ क्लिनिक | | १५,००० | |
| ८ | ल्याब वा घरघरमा गएर गर्ने ल्याब सर्भिस समेत | | ४,००० | |
| ९ | साधारण क्लिनिक | | ७,००० | |
| १० | आर्युवेदिक उपचार केन्द्र तथा रिर्सच सेन्टर केन्द्र | | ५,००० | |
| ११ | आयुर्वेदिक उपचार केन्द्र तथा रिर्सच सेन्टर शाखा | | ३,००० | |
| १२ | औषधी पसल, भेटनरी औषधी, सर्जिकल इक्युपमेन्ट थोक बिक्रेता | | ८,००० | |
| १३ | औषधी पसल, भेटनरी औषधी, सर्जिकल इक्युपमेन्ट खुद्रा बिक्रेता | | ५,००० | |
| १४ | भेटेनरी अस्पताल, क्लिनिक, प्रयोगशाला | | १०,००० | |
| १५ | भेटेनरी औषधी आयात व्यवसाय | | १०,००० | |
| १६ | भेटेनरी र एग्रो व्यवसाय | | ५,००० | |
| १७ | ध्यान तथा योग सिकाई केन्द्र | | ३,००० | |
| १८ | कपाल प्रत्यारोपण सेन्टर | | १०,००० | |
| १९ | फिजियोथेरापी वा अक्यूपन्चर सेवा | | १०,००० | |
| २० | सामुदायिक गैर सरकारी अस्पताल/मेडीकल कलेज | | २०,००० | |
| २१ | जिमखाना/व्यामसाला | | ८,००० | |

## झ. शिक्षा तथा तालिम व्यवसाय

| शीर्षक नं | कार्यक्रम | व्याख्या | रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | शिशु स्याहार केन्द्र | | ५,००० | |
| २ | तालिम तथा अनुसन्धान केन्द्र | | १०,००० | |
| ३ | ब्रिजकोर्स सञ्चालन केन्द्र | | २५,००० | |
| ४ | कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | | १०,००० | |
| ५ | प्रशिक्षण केन्द्र (नेपाल भाषा) | | ३,००० | |
| ६ | सीपमुलक तालिम केन्द्र घरेलु स्तरका | | ३,००० | |
| ७ | ट्युसन सेन्टर /कोचिङ्ग साधारण | | १०,००० | |
| ८ | पुस्तक प्रकाशन गृह | | ५,००० | |

## ञ. मर्मत सम्भार व्यवसाय

| शीर्षक नं | कार्यक्रम | व्याख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अटोमोबाइल वर्कसप (हेभी भेइकल, ट्रक, लरी, बस, मिनीबस आदि मर्मत तथा बडी निर्माण | | २५,००० | |
| २ | अटोमोबाइल कम्पनीको सभिर्सिङ सेन्टर ( हेभीइकल, ट्रक, लरी, बस आदि) | आधिकारिक | ३०,००० | |
| ३ | लाइट भेइकल कार, भ्यान, जिप आदि सभिर्सिङ सेन्टर तथा ममर्त केन्द | | १५,००० | |
| ४ | अटोमोबाइल कम्पनीको सर्भिस सेन्टर (लाइट भेइकल, कार, भ्यान, जिप आदि) | आधिकारीक | ३५,००० | |
| ५ | मोटरसाइकल ममर्त तथा सर्भिस सेन्टर | | ५,००० | |
| ६ | मोटरसाइकल कम्पनीको (आधिकारिक) मर्मत तथा सर्भिस सेन्टर | | १५,००० | |
| ७ | साईकल मर्मत केन्द्र | | १,००० | |
| ८ | इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक सामान (रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलिफोन सेट, कम्प्युटर आदि) सबै प्रकारको ममर्त केन्द्र, लेथमेशिन तथा साना यन्त्रशाला | | ४,००० | |
| ९ | यन्त्र शाला (ठुला ) | | २५,००० | |
| १० | वर्कशप (सानो) दुईपांग्रे | | ३,००० | |
| ११ | वर्कशप (सानो) चारपांग्रे | | ५,००० | |
| १२ | इन्जिनियरिङ्ग वर्क शप | | १०,००० | |
| १३ | बडी निर्माण मर्मत, टर्बो हाइड्रोलिक, पम्प नोजल इन्जेक्टर, लेथ वर्कशप | | ७,५०० | |
